महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

बैजनाथ गाउँपालिका

बाँके



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

बैजनाथ गाउँपालिका

बाँके



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।
यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महाशाखा
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ११६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बैजनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाँके ।

कैफियत सहितको राय

हामीले बैजनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.८ करोड ३८ लाख ७४ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५२ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड २४ लाख ६२ हजार, नियमित गर्नुपर्ने रु.४ करोड २६ लाख ८२ हजार र पेश्की रू.३४ लाख ९८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.११ करोड ५० लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ४३ लाख २९ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बैजनाथ गाउँपालिका, बाँके

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५६	८६	८३८७४	०	०	०	५६	८६	८३८७४	५२३२	४२६८२	३२४६२	०	०	७५१४४	३४९८

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
	नभएको		

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बैजनाथ गाउँपालिका बाँके	११५०८८	०	३४६३३	८०४५५	०	८३८७४	१६४३२९

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : बैजनाथ गाउँपालिका, बाँके , बैजनाथ गाउँपालिका , बाँके   आर्थिक बर्ष: २०७८/७९

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	गंगाराम सापकोटा	२०७९-५-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	पुर्ण प्रसाद जैसी	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	८३,८७३,७६८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१८,७४,९६,८१०.३४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५०,९१,६०,८४२	**चालु खर्च**	६८,३३,२७,६५५.९४
प्रदेश सरकारबाट अनुदान	३,८८,५६,०००	**पूँजीगत खर्च**	२९,७६,००,७४९
राजश्व बाँडफाँट	११,७५,६६,७९३.४	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	३,१७,२६,८९१.२५		
अन्य आय	२६,२४,९१,२३२		
कुल आय	९५,९८,०१,७५८.६५	**कुल खर्च**	९८,०९,२८,४०४.९४
बाँकी मौज्दात		१६,६३,७०,१६४.०५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा असुली रकम रु ३३५००	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न बैजनाथ गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता उत्तरदायित्व पारर्दशिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यसको उद्धेश्य रहेको छ ।यो गाँउपालिका अर्न्तगत ८ वडा ४७ गाँउ सभा सदस्य महिला ३४०८५ पुरुष ३५१९७ परिवार संख्या ६९२८२ जनसंख्या तथा लुम्विनी प्रदेशमा अवस्थित छ।	
३			**लेखापरीक्षण** लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन। पूँजीगत खर्चतर्फ रु लाख भन्दा बढी भुक्तानी भएका खर्चका गोश्वारा भौचरहरुको नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।११।०७ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्	
५			**स्थानीय संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		१८७४९६८१०	१	चालु खर्च	४२९१६८३९८	४२९१६८३९८

	क) नगद			२	पूँजीगत खर्च	२९७६००७४९	२९७६००७४९
	ख) बैंक	१८७४९६८१०		३	वित्तिय व्यवस्था भुक्तानी		
२	राजस्व (आन्तरिक आय)		१७०६९६८९९		क) ऋण भुक्तानी	०	
	क) आन्तरिक राजस्व	३१७२६८९१			ख) ब्याज भुक्तानी	०	
	ख) राजस्व बाँडफाँड	११७५६६७९३			ग) अन्य भुक्तानी	०	
	ग) सवारी साधन कर	२१४०३२१४		४	लगानी		
	ग) अन्य आय	०			ऋण लगानी	०	
३	वित्तिय हस्तान्तरण संघ		५०९१६०८४२		शेयर लगानी	०	
	क) वित्तिय समानीकरण अनुदान	१६६१०००००			अन्य लगानी	०	
	ख) सशर्त अनुदान चालु	२८९१५७०००		५	धरौटी		१७७६०१५३
	ख) सशर्त अनुदान पूंजिगत	४३००१०००			फिर्ता / सदर स्याह	७२३५५९८	
	ग) समपूरक अनुदान	४७८३०५८			बाँकी	१०५२४५५५	
	घ) विशेष अनुदान	६११९७८४		६	जन श्रमदान फिर्ता	०	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		३८८५६०००	७	कोष फिर्ता	०	
	क) वित्तिय समानीकरण अनुदान	७९१२०००		८	मौज्दात		१४९५१६१२५
	ख) सशर्त अनुदान	८५४४०००			क) बैंक - संचित कोष	८५२९१९२८	
	ग) समपुरक अनुदान	१५००००००			ख) बैंक - पूजिगत खाता	२७०३९४६३	
	घ) विशेष अनुदान	७४०००००			ग) बैंक - चालु खाता	३७१८४७३५	
					घ_ नगद	०	
५	अन्तर स्थानीय तहबाट प्राप्त		१५५५८४८	९	अनुदान फिर्ता		३१४८११२६

	जि स स बाट प्राप्त	१५५५८४८			क) संघ सशर्त - चालु	१९६७५८६४	
६	अन्य		१९९४३५२५८		क) संघ सशर्त - पूजिगत	४००३८६३	
	क) गरिब संग बिश्वेश्वर कार्यक्रम	४६४०००			क) संघ - बिशेष	२	
	ख)सामाजिक सुरक्षा तथा संरक्षण	१९८९७१२५८			ख)प्रदेश समपुरक	३५९४०७५	
					ग) प्रदेश सशर्त	४१३१४८२	
					घ) प्रदेश विषेश	७५८४०	
				१०	गत बर्षको बढी अल्या	०	
७	विभिन्न कोषतर्फको आय			११	जनश्रमदान मौज्दात	०	
	क_ प्रकोप ब्यबस्थापन कोष	१९८१२३०७	२१९४८७६०	१२	कोष खाताको खर्च		५०९४७२१
	ख_ लैंगिक हिंसा निवारण कोष	१५००००			क_ प्रकोप ब्यबस्थापन कोष	५०९४७२१	
	ग_ कर्मचारी कल्याण कोष	१९८६४५२			ख_ लैंगिक हिंसा निवारण कोष	०	
८	जनसहभागिता (नगद)				ग_ कर्मचारी कल्याण कोष	०	
९	विषयगत निकायबाट प्राप्त	०		१३	कोष खाताको मौज्दात		१६८५४०३९
१०	धरौटी आय		१७७६०१५३		क_ प्रकोप ब्यबस्थापन कोष	१४७१७५८६	
	गत बर्षको मोज्दात	११२१२९७३			ख_ लैंगिक हिंसा निवारण कोष	१५००००	
	यो बर्षको थप	६५४७१८०			ग_ कर्मचारी कल्याण कोष	१९८६४५२	
११	लगानीको साँवा फिर्ता			१४	अन्य खर्च - को ले नि का निकासा		१९९४३५२५८
१२	अन्य विविध आय		३८८०००		क) गरिब संग बिश्वेश्वर कार्यक्रम	४६४०००	
	प्रदेश तथा स्थानीय सरकार क्षमता बिकास कार्यक्रम	३८८०००			ग) सामाजिक सुरक्षा तथा संरक्षण	१९८९७१२५८	

				१५	प्रदेश तथा स्थानीय सरकार क्षमता बिकास कार्यक्रम	३८८०००	३८८०००
	जम्मा	११४७२९८५६९	११४७२९८५६९		जम्मा	११४७२९८५६९	११४७२९८५६९

५

आन्तरिक नियन्त्रण प्रणाली

आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन।

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ७ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको।

			• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६			**सम्पत्ति हस्तान्तरण**	

सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ।

७ **सार्वजनिक सम्पत्तिको संरक्षण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ। उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ।

८ **बैंक हिसावमिलान नगरेको**

बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार नगरेको देखिन्छ। पूजिगत खाताबाट रु १९३७७०७ को चेक साट्न बाँकी तथा पूंजिगत र चालु खाताको रकम संचित कोषमा ट्रान्सफर हुन बाँकी रहेको पालिकाले जनाएको छ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी
१	सञ्चित कोष	१४,९५,१६,१२५.४५	८५२९१९२८
२	चालु खाता	०	३७१८४७३५
३	पूँजीगत खाता	०	२८९७७१७०
४	मर्मत खाता	०	०
५	कल्याण कोष खाता	१९८६४५२	१९८६४५२
६	प्रकोप व्य कोष खाता	१४७१७५८६	१४७१७५८६
७	लैंगिक हिंसा निवारण कोष	१५००००	१५००००
	जम्मा	१६८५४०३९	१६८३०७८७१

९ **अनुदान वितरण**

			अनुदान वितरण – कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। पालिकाले विद्यालयलाई शैक्षिक गुणस्तरका लागि अनुदान निकासा दिएको छ। पालिकाले अनुदान उपलब्ध गराउदा विधालयहरुको अनुदानको गुणस्तर परीक्षण र सहि सदुपयोग भए नभएको बारेमा कार्यालयले अनुदान रकमको खरिद बिल अनुसारको बिल भरपाई पुष्टयाई सहित फोटो सहितको अनुगमन गरी अनुदानको सहि सदुपयोग भएको सुनिश्चितता गर्नुपर्दछ।	
१०			**विद्यमान कानुन एवम् कार्यान्वयन स्थिति** कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, २ वटा नियमावली, २६ कार्यविधि निर्देशिका लगायत अन्य गरी ५८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयनको चरणमा रहेको पालिकाले जनाएको छ।	
११			**न्यायिक समिति** न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६२ वटा र यो बर्ष थप भएको २६८ वटा गरी कुल ३३० विवाद दर्ता भएकोमा २०१ वटा फछ्र्यौट भई गत बर्षको समेत १२९ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।	
१२			**विविध खर्च** खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु २९ लाख ७३ हजार खर्च गरेको छ। पालिकाले विविध खर्चलाई आन्तरिक आम्दनीसँग आबद्ध गराई आन्तरिक आम्दनीको आधारमा विविध खर्च गर्नु पर्दछ।	
१३			**आर्थिक सहायता** आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। तर पालिकाले आर्थिक सहायता कार्यविधि नबनाई कार्यालयले अध्यक्षको तोकको आधारमा यस वर्ष रु १०१४५००/- आर्थिक सहायता वितरण गरेका छन्। यसरी कार्यालयले कार्यविधि बेगर खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

१४ **अनुदान**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तसम्म बचेको रकम देहायबमोजिमको अनुदान फिर्ता गरेको देखिन्छ

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
संघीय सरकार	शसर्त चालु	289157000	269481136	19675863.9	0
	शसर्त - पूंजिगत	43001000	38997137	4003863	0
	समपुरक	4783058	4783058	0	0
	बिशेष	6119784	6119782	2	0
प्रदेश सरकार	शसर्त	8544000	4412518	4131482	
	समपुरक	15000000	11405925	3594075	
	बिशेष	7400000	7324160	75840	

१५ **स्रोत अनुमान समिति**

स्रोत अनुमान समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले स्रोत अनुमान समिति गठन गरेको देखिएन। ऐन बमोजिम समिति गठन गरी श्रोत अनुमान गर्ने, वडामा बजेट सिलिङ पठाउने लगायत ऐनको भावना अनुरुप कार्य गरिनु पर्दछ।

१६ **आय व्ययको अनुमान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले मिति २०७८। ३। १० गते रु ९१ करोड ६४ लाख २३ हजार ७५० रुपैया पैसा ९२ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८। ३। २९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७८|०४। ०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

१७

बजेट तथा कार्यक्रम तर्जुमा

बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१८

क्षेत्रगत बजेट र खर्चको स्थिति

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८|७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ः

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	५, ६३ , ४४ , ०००	४, १७ , ८९ , ९६३	७४.१६
२	पूर्वाधार विकास	३१, ५४ , ०३ , ४९१.५४	२१, ४९ , ७७ , ०६८.५०	६८.१५
३	सामाजिक विकास	३४, ९४ , ०५ , ६००	३२, २० , ५८ , ६७९.२५	९२.१७
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२, ६१ , ५४ , ०००	७८, ९७ , ८८३.६७	३०.१९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१६, ९१ , १६ , ६५९.३८	१४, ०० , ४५ , ५५२.९१	८२.८१
	जम्मा	९१, ६४ , २३ , ७५०.९२	७२, ६७ , ६९ , १४७.३३	७९.३

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९२.१७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ३०.१९प्रतिशत खर्च गरेको देखिन्छ।

१९

चौमासिक खर्चको स्थिति

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु हजारमा)			
			प्रथम	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना

			चौमासिक			
१	पूँजिगत खर्चतर्फ	३८८४९६	१८०४२	६३८६०	२१५६९७	९०८९७
	प्रतिशत	१००	४.६४	१६.४४	५५.५२	२३.४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु ३८ करोड ८४ लाख ९६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. १ करोड ८० लाख ४२ हजार अर्थात ४.६४ प्रतिशत, दोश्रो चौमासिकमा रु ६ करोड ३८ लाख ६० हजार अर्थात १६.४४ प्रतिशत र तेश्रो चौमासिकमा रु २१ करोड ५६ लाख ९७ हजार अर्थात ५५.५२ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा रु ९ करोड ८ लाख ९७ हजार अर्थात २३.४ प्रतिशत खर्च देखिनुले अन्तिम दुई चौमासिकमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

२० **योजनाको विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समिति ठेक्का एवम् कोटेशनमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

विधी	रु १ लाख सम्म	रु १ लाखदेखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १०-५० लाख सम्म	५० लाख भन्दा बढी
उपभोक्ता	29	27	39	37	4	0
ठेक्का	0	0	0	3	40	12
कोटेशन	0	0	25	8	0	0
जम्मा	29	27	64	48	43	12

२१ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

२२			**प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन** प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १७ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, अधिकृत, सहायक, सब ईन्जिनियर, सहायक महिला वि.नि. लगायत १३ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।	
२३			**तलवी प्रतिवेदन** तलवी प्रतिवेदनः निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले तलवी पारित नगरी तलब खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन।	
२४			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ५१ जना कर्मचारीहरु करारमा राखि रु १ करोड ७८ लाख ७४ हजार ६ सय ३० खर्च लेखेको छ। पालिकाले ऐन विपरित दरबन्दीभन्दा बाहिर रहेर करारमा कर्मचारी नियुक्ती गर्ने प्रणालीलाई नियन्त्रण गरी सार्वजनिक स्रोत साधनको आदर्शतम उपयोगतर्फ ध्यान दिनुपर्ने देखिन्छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १५ जना करार नियुक्ति गरी बर्षभरीमा रु ४८ लाख १ हजार ७०२ पैसा ५० भुक्तानी गरेको अनियमित दिखएको रु	४,८०१,७ ०२
२५			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। कतिपय अनुदान कार्यक्रममा अनुगमन गरेको भएता पनि उपाध्यक्षको संयोजकत्वमा नरहेको पाईयो र अनुगमन प्रतिवेदनमा देखिएका व्यहोराहरु नखुलेको देखिन्छ। यस सन्दर्भमा पालिकाबाट हुने अनुगमनमा देखिएका व्यहोराहरु अनिवार्य हुनेगरी फोटोसहितको अनुगमन प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्दछ।	
२६			**धरौटी रकम**	
२६. १			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०६४ को ६८ (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची–१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची–११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ। धरौटी रकमको छुट्टै बैंक नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्नेछ। पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिमको अभिलेख अद्यावधिक राख्नु पर्दछ।	
२६. २			धरौटी फिर्ता सार्वजनिक खरिदa नियमावली, २०६४ को नियम १२४(२) बमोजिम धरौटी फिर्ताको अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र नियम १२३ को उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नु पर्नेछ। रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूतिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्दछ।	

<table>
<tr><td>२७</td><td></td><td></td><td>समानिकारण अनुदानबाट शिक्षकको तलब

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८/७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका २३ जना आ.वि. शिक्षक र १० जना मा.वि. शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु १०४७८००० तलब भत्ता भुक्तानी गरेको पाईयो।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>शिक्षा संयोजक

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ। तर पालिकाले शिक्षा तथा खेलकुद विकास समितिको संयोजकको रुपमा १ जनालाई मासिक सुविधावापत रु १६००० का दरले भुक्तानी दिनेगरी साउनदेखि जेष्ठसम्म रु १७६००० भुक्तानी गरेको नियमसंगत नदेखिएको रु</td><td>१७६,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>विधालयगत निकासा रजिष्ट्रर

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३०</td><td>१४</td><td>२०७८-९-२२</td><td>साक्षर गाउँपालिका घोषणा कार्यक्रम

साक्षर गाउँपालिका घोषणा कार्यक्रममा पालिकाले रु ३००००० बजेट विनियोजन गरी खर्च लेखेको पाईन्छ। यसरी खर्च गरेको कार्यक्रममा खाजा वापत रु ३५० का दरले ६० जनालाई रु २१००० र खाना रु ९५० का दरले १०० जनालाई रु ९५००० खर्च लेखेको देखिन्छ। यसरी नम्स अनुसार खाजाको रु २०० दरले र खानाको रु ५०० का दरले भुक्तानी लेख्नु पर्नेमा बढी दरले खर्च लेखेकोले बढी व्ययभार परेको रु ५४००० नियमसंगत नदेखिएको रु</td><td>५४,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>वडा शिक्षा समिति

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ग(२०) मा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत विधालय कार्यक्रमको सञ्चालन गर्ने गराउन सक्ने व्यवस्था छ। तर पालिकाले बडामा छुटै वडा शिक्षा समितिको संचालन र व्यवस्थापनका लागि बजेट छुटयाई खर्च गरेको देखिन्छ। नमुना छनौटको रुपमा परीक्षण गर्दा देहाय बमोजिमको संचालन तथा व्यवस्थापनको लागि खर्च गरेको देखिन्छ। यसरी ऐनमा भएको व्यवस्था विपरीत वडामा शिक्षा समितिको खर्च लेखेको यसतो कार्यमा नियन्त्रण गर्नु पर्दछ।

<table><tr><td>गो.भौ.नं./मिति</td><td>शिर्षक</td><td>वडा नं.</td><td>खर्च रकम</td></tr><tr><td>५३-०७९/३/२१</td><td>वडा शिक्षा समितिको संचालन तथा व्यवस्थापन खर्च</td><td>१,४,६,७</td><td>२०००००</td></tr><tr><td>५५-०७९/३/२१</td><td>वडा शिक्षा समितिको संचालन तथा व्यवस्थापन खर्च</td><td>२</td><td>५००००</td></tr></table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>शैक्षिक तथ्याङ्क</td><td></td></tr>
</table>

			गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७८/७९ मा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ। कार्यालयले कृयाकलाप नं .१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ। विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी एकिन गर्न सकिएन।	
३३			**अनुदानको अनुगमन** कार्यालयले आफूले दिएको अनुदान उपयोगको सुनिश्चतताको लागि अनुगमन को व्यवस्था गर्नुपर्दछ। पालिकाले पाठ्यपुस्तकमा रु ४५,५८,६३८ छात्रवृतिमा रु. १८५४८०० र दिवाखाजामा रु ९५,२२,३१६ अनुदान विधालयहरुमा पठाएको देखिन्छ। विधालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन। अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शिर्षामा खर्च भयो भएन यकिन गर्न सकिएन। यसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनलाई पालिकाले परीक्षण गरी अनुदान सुनिश्चितताको यकिन गर्नु पर्दछ।	
३४			**शैक्षिक प्रतिवेदन** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकाले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ। गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन।	
३५			**भ्रमण खर्च** लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको। • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको। • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको। • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको। • स्पष्ट प्रयोजन बेगर पदाधिकारी सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	

<table>
<tr><td>३६</td><td>४८</td><td>२०७८-६-१७</td><td>पुँजीगत लाभकर भुक्तानी

पालिकाले १५ शैय्या अस्पताल निर्माणका लागि निशुल्क जग्गा दान गर्ने सुमन आचार्य (कोहलपुर डेभलपर्स प्रालिका नामबाट समेत) ले जग्गा रजिस्ट्रेसन राजिनामा जग्गादाताले नियमानुसार तिर्नुपर्ने पुँजीगत लाभकर पालिकाले आफ्नै स्रोतबाट भुक्तानी गरे निर्णय गरेबमोजिम रु ९३९०००।०० भुक्तानी गरेको छ।</td><td></td></tr>
<tr><td>३७</td><td>६०४</td><td>२०७९-३-२२</td><td>कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई भुक्तानी गर्नसकिने व्यवस्था छ। स्थानीय तहले कानून नबनाई पटके निर्णयको आधारमा २ महिनाको तलवस्केल बराबर प्रोत्साहन भत्ता वितरण गरेको रकम अनियमित देखिएको रु</td><td>६३३,८९०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सरकारी स्रोत उपयोगमा मितव्ययीता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व सम्बन्धी ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाई सरकारी कार्यका लागि मात्र खर्च गर्नुपर्दछ। पालिकाले मर्मत संहार संरक्षण फाराम संलग्न गरेको तथा सवारी लगबुक समेत नियमित अध्यावधिक गरेको पाईएन। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ।</td><td></td></tr>
<tr><td>३९</td><td>६००</td><td>२०७९-३-२२</td><td>पुस्तक छपाई :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व सम्बन्धी ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले राजपत्रहरुको संगालो, कार्यविधि, आचारसंहिता तथा ऐननियमहरु छपाई गरेको छ। मिसन अफसेट प्रेसमार्फत २०३ सेट संग्रहहरुको छपाईमा कुल रु ९९६१२६।०७ भुक्तानी भएको देखियो। ६ पुस्तकहरुको १ सेट र कुल २०३ सेटहरुको छपाईमा ठुलो रकम खर्च भएकोले मितव्ययीता अपनाएको पाईएन।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>बैठक तथा अनुगमन मुल्याङ्कन भत्ता

अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यव्था रहेको छ।त्यस्तै लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ दफा १४ २ अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ। निजामती सेवाका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० को परिच्छेद ११ र १२ मा उल्लेख भएका सेवा सुविधामात्र लिन पाउने व्यवस्था गरेको छ। उल्लेखित व्यवस्था बेगर कार्यालयले देहायका पदाधिकारी/कर्मचारीलाई देहायका कार्यक्रममा बैठक भत्ता एवम् अनुगमन मुल्याङ्कन भत्ता उपलब्ध गराएको कानुनसम्मत देखिएन।

<table>
<tr><td>गो भौ नं/मिति</td><td>व्यहोरा</td><td>वापत</td><td>पदाधिकारी</td><td>रकम</td></tr>
<tr><td>७/२०७८/१२/०९</td><td>व्यवसायिक गाईभैंसी बाख्रा वंगुर माछाकुखुरा पालन सम्वन्धी तालिम</td><td>अनुगमन भत्ता</td><td>पदाधिकारी कर्मचारी</td><td>७०००</td></tr>
</table></td><td>२८८,०००</td></tr>
</table>

१०/२०७९/०१/१४	पशु बीमा कार्यक्रम अन्तरगत बीमा गरिएका पशुको स्थलगत फिल्ड अनुगमन	अनुगमन भत्ता	पदाधिकारी कर्मचारी	५४०००
२०/२०७८/०८/२७	नर्सिङ कर्मचारीका लागि MNH update तालिममा सहयोगात्मक अनुगमन	अनुगमन भत्ता	पदाधिकारी कर्मचारी	८०००
२९/२०७८/०८/०५	मातृ तथा नवजात शिक्षु कार्यक्रम अन्तरगद्त पालिकाभित्रमा स्वास्थ्य चौकीमा औषधिद्धारा गरिने गर्भपतन सेवा सुरु गर्न सुचिकरण प्रक्रियामा अनुगमन	अनुगमन भत्ता	पदाधिकारी कर्मचारी	१५०००
९०/२०७८/११/२६	महिला स्वास्थ्य स्वयमसेविका तालिम	अनुगमन भत्ता	पदाधिकारी कर्मचारी	२४०००
३०/२०७८/१०/०४	स्वास्थ्य व्यवस्थापन प्रणाली सञ्चालनका लागि स्वास्थ्यकर्मीहरुलाई HMIS/LMIS तालिम	अनुगमन भत्ता	पदाधिकारी कर्मचारी	८०००
११३/२०७९/०३/२१	पालिकाभित्रका छुटेका बालबालिकाहरुलाई खोप लगाउनुपर्ने कार्यक्रम	बैठक भत्ता	पदाधिकारी कर्मचारी	७८०००
	न्यायिक समितिको पुनर्ताजगी तालिम	अनुगमन भत्ता	पदाधिकारी कर्मचारी	१००००
	सामुदायिक विद्यालयको लेखापरीक्षण गर्न लेखापरीक्षक छनौट गर्न बसेको छनौट समिति	बैठक भत्ता	पदाधिकारी कर्मचारी	५४०००
१३०	हात्तीपाईले रोग निवारण अभियानमा पालिकाबाट सहयोगात्मक अनुगमन	अनुगमन भत्ता	पदाधिकारी कर्मचारी	३००००
जम्मा				२८८०००

४१			**पोशाक भत्ता** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैन भनि व्यवस्था गरेको छ । तर पालिकाले पोशाक खर्च वापत ४३ जना जनप्रतिनिधिलाई रु १५०००।०० का दरले कुल रु ६४५०००।०० खर्च नियमसंगत देखिएन ।	६४५,०००
४२	११	२०७८-३-२२	**विलभरपाई पेश नभएको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण वा कागजात संलग्न हुनुपर्दछ । पालिकाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयका मा वि तहमा अध्ययनरत गरिब तथा जेहेनदार छात्रवृत्तिमार्फत शिक्षामा पहुँच बढाउँन शैक्षिक सामग्रीहरुको हस्तानतरण फाराम भरी विद्यालयमा वितरण गरेकोमा सामग्री वितरणको भरपाई संलग्न नगरेको तथा	४५९,९१०

<table>
<tr><td></td><td></td><td></td><td>छात्रवृत्ति वितरणको अनुगमन गरी प्रगति प्रतिवेद समेत पेश नभएकोले निर्देशिकाले तोकेको मापदण्ड पुगेका विद्यार्थीहरुले मात्र छात्रवृत्ति प्राप्त गरेका छन् भनि यकिन गर्न नसकिएको रकम रु ४५९९१०।००</td><td></td></tr>
<tr><td>४३</td><td>३८४</td><td>२०७८-१२-२८</td><td>बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली, २०७७ को दफा ३९.५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण वा कागजात संलग्न हुनुपर्दछ । पालिकाले टेक्नोलिङ्क इन्टरप्राईजेज सेन्टरबाट विभिन्न कार्यालय सम्वन्धी सामान खरिद गरेको जम्मा विल रु ३०६३९९।०० भुक्तानी गरेको छ । जसमा उक्त फर्मबाट Canon G30310 Printer १ थान रु २७०००।०० (भ्याट समेत) मा खरिद गर्न कोटेसन प्राप्त भएकोमा भ्याट विलमा उक्त सामानको भ्याट बाहेक रु ३३८९३।८१ र भ्याट समेत रु ३८३००।०० भक्तानी भएकोले सम्झौताभन्दा बढी भुक्तानी भएको असुली हुनुपर्ने रु ११३००।००</td><td>११,३००</td></tr>
<tr><td>४४</td><td>२१४</td><td>२०७८-९-२३</td><td>वितरणमुखी खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व सम्बन्धी ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्णय गरी विपन्न गरिव असहाय व्यक्तिहरुका अलावा राजनीतिक संगठन एवम् विभिन्न संस्थाहरुलाई समेत आर्थिक सहयोग स्वरुप नगद भुक्तानी गरेको देखियो । सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाई उत्पादनशिल क्षेत्रमा खर्च गर्नुपर्दछ । लेखापरीक्षणको नमुना छनौटको क्रममा देखिएको केही विवरणहरु देहाय वमोजिम छन् ;

<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नेपाली कांग्रेस</td><td>२००००</td></tr>
<tr><td>२</td><td>नेकपा एमाले</td><td>२००००</td></tr>
<tr><td>३</td><td>नेकपा माओवादी केन्द्र</td><td>२००००</td></tr>
<tr><td>४</td><td>राष्ट्रिय जनमोर्चा</td><td>५०००</td></tr>
<tr><td>५</td><td>नेपाल राष्ट्रिय शिक्षक संगठन</td><td>५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५</td><td>१४</td><td>२०७९-३-२२</td><td>विलभरपाई पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण वा कागजात संलग्न हुनुपर्दछ । पालिकाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयका मा वि तहमा अध्ययनरत गरिब तथा जेहेनदार छात्रवृत्तिमार्फत शिक्षामा पहुँच बढाउँन शैक्षिक सामग्रीहरुको हस्तानतरण फाराम भरी विद्यालयमा वितरण गरेकोमा सामग्री वितरणको भरपाई संलग्न नगरेको तथा छात्रवृत्ति वितरणको अनुगमन गरी प्रगति प्रतिवेदन समेत पेश नभएकोले निर्देशिकाले तोकेको मापदण्ड पुगेका विद्यार्थीहरुले मात्र छात्रवृत्ति प्राप्त गरेका छन् भनि यकिन गर्न नसकिएको रकम रु ५३८४१७।००</td><td>५३८,४१७</td></tr>
<tr><td>४६</td><td>१३</td><td>२०७९-३-२२</td><td>विलभरपाई पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण वा कागजात संलग्न हुनुपर्दछ । पालिकाले अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयका अपाङ्गता भएका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण भएकोमा सामग्री वितरणको भरपाई संलग्न नगरेको तथा वितरणको अनुगमन गरी प्रगति प्रतिवेदन समेत पेश नभएकोले</td><td>२९९,०४०</td></tr>
</table>

			निर्देशिकाले तोकेको मापदण्ड पुगेका विद्यार्थीहरुले मात्र छात्रवृत्ति प्राप्त गरेका छन् भनि यकिन गर्न नसकिएको रकम रु २९९०४०।००	
४७			**पालिकाबाट थप छात्रबृति** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी गरिएको कार्यक्रम कार्यन्वयन निर्देशिका, २०७८/७९ को स.नं. ४.१ र ४.२ अनुसार कक्षा १-८ सम्म छात्रा तथा दलित छात्रछात्रालाई प्रति विधार्थी वार्षिक रु ४०० का दरले उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले जनता आदर्शमा.वि.मा कृषि जे.टि.ए. विधार्थीलाई १६ जना छात्रछात्राहरुलाई ८० प्रतिशत वापत रु ४०००० का दरले रु ६४०००० अनुदान दिएको देखिन्छ । यस सम्बन्धमा १६ जना विधार्थीहरुले १८ महिनाको पुरै तालिम लिए नलिएको विषयमा यकिन गर्न सकिएन । त्यसतै, पालिकाले ९९ जना गरिब तथा विपन्न छात्राहरुलाई उच्च शिक्षा छात्रबृति वापत रु ८००० का दरले रु ७९२००० अनुदान दिएको देखिन्छ । पालिकाले आवश्यकता र औचित्यको आधारमा खर्च लेख्नु पर्दछ ।	
४८			**निर्माण कामको गुणस्तर, नापी किताब र सम्पन्न गर्ने समयाबधि सम्बन्धमा** **लागत अनुमान र कार्य सम्पन्न**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीहरुबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क तथा बिबरणहरु उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । **खरिद कारवाही अभिलेख –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोलेलेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। **निर्माण कार्यको गुणस्तर –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ को उपनियम १ को खण्ड ङअनुसार निर्माण काम गर्न सम्झौता कार्यान्वयन गर्दा गुणस्तर निरीक्षण तथा परिक्षण गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनुपर्ने तथा उपभोक्ता समितिबाट गराइने निर्माण कामको गुणस्तर परिक्षण गर्ने व्यवस्था सम्झौतामा उल्लेख गर्नुपर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी निर्णमा कामको गुणस्तरिय काम गराउनुपर्नेमा यो वर्ष गाउँपालिकाबाट पूँजीगतवाट रु. २९ करोड ७६ लाख पुँजीगत खर्च गरेकोमा निर्माण व्यवसायीहरुबाट गराइएको निर्माण कामको केहि योजनाहरुको गुणस्तर परिक्षण गराएको भएतापनि अधिकांश निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुबाट भएको निर्माण कामको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ। **समयावधि र कार्यतालिका**- सार्वजनिक खरिद नियमावली2064 को नियम 10 मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने व्यवस्था छ ।बोलपत्र सम्बन्धि कागजात तथा निर्माण व्यवसायी सँग भएको सम्झौतामा एक मुष्ठ कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको तथा केहि ठेक्कामा निर्माण काम गर्न लाग्ने समयावधि सहितको कार्यतालिका पेश गरेको भएतापनि अधिकांश ठेक्काहरुमा कार्यतालिका पेश गरेको देखिएन।यसरि पालिकाबाट सम्झौतामा तोकिएको म्यादभित्र काम सम्पन्न गराउन तथा कार्यतालिका अनुसार प्रगति भए नभएको नियमित अनुगमन मुल्याङ्कन गरी कार्यतालिका अनुसार काम गर्ने गराउने तर्फ यथोचित प्रयास नगरेको कारण पालिकाबाट गत बिगत वर्षहरुदेखि ठेक्का व्यवस्थापन भएकोमा लेखापरीक्षण अवधि मिति २०७९।९।८ सम्म धेरै ठेक्काहरुको काम सम्पन्न नभई निर्माण काम अधुरो रहेको पाइयो । निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समयमा निर्माण काम सम्पन्न नहुदाँ लागत र समयलाइ निर्धारित सिमा भित्र राख्न नसक्ने अवस्था श्रृजना हुने अवस्था रहन्छ ।तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरी लागत अनुमान तयार गर्नु गराउनु र पेश गरेको अनुसारको कार्यतालिकामा उल्लेखित समयमै काम सम्पन्न गर्न गराउन ध्यान जान जरुरी छ । **नापी किताब**: निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं. 503 मा उल्लेख गर्नुपर्ने गरि महालेखा परीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यलयले लागु गरेको छ । उक्त	

किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरि नापिजाँच गर्ने, सिफारीस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्थ छ । पालिकाले सडक निर्माण कामहरुको लागत अनुमान तयार गर्दा चेनेज नंम्बर उल्लेख नगरेको कारण पालिकाले एउटै सडक योजनामा बोलपत्रको माध्यम र उपभोक्ता समिति एवम कोटेशनबाट बिभिन्न निर्माण व्यवसायीहरुबाट निर्माण काम गराउदा काममा दोहोरोपना भएको छैन भन्न सकिने अवस्था देखिदैन । साथै अन्य निकायहरुबाट समेत बजेट व्यवस्था भई समन्वयको अभावमा सोहि सडकमा निर्माण काम हुन सक्ने तर्फ पालिकाले उचित ध्यान दिनुपर्ने देखिन्छ । त्यसैले पालिकाले सडक निर्माणको कामको प्राबिधिक मूल्यांकन एवम नापी किताबमा अनिवार्य रुपमा चेनेज नं खुलाई काममा हुन सक्ने दोहोरोपनालाइ निस्तेज गर्नुपर्दछ ।

४९ **प्रतिस्पर्धाबाट काम गराएको स्थानमा पुन कोटेशनबाट काम गराएको** १,४४४,१७७

प्रतिस्पर्धाबाट काम भएको स्थानमा पुन सोहि निर्माण व्यवसायीलाइ सोहि काम बढि दररेटमा दिएको M—सार्वजनिक खरिद ऐन २०६३ को दफा नं ५४ एवम नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान वा कार्यान्वयनको चरणमा थप काम गर्नुपर्ने अवस्था भएमा सोहि निर्माण व्यवसायीबाट बोलपत्रमा कबोल गरेको दररेटमा बृद्दि नहुने गरि दररेट नेगोसेशन गरि काम गराउन भेरिएशन आदेश जारि गरि नियमानुसार स्विकृत गराइ निर्माण काम गराउनुपर्ने व्यवस्था रहेको छ । यसरि बोलपत्रबाट काम भएको स्थानमा सोहि प्रकृतिको थप काम भेरिएशनबाट गराउदाँ मितव्ययि र छिटो छरितो हुने भएकोले ऐन तथा नियमावलीमा सो व्यवस्था गरेको पाइन्छ । पालिकाबाट पेश भएको बिबरण अनुसार बिभिन्न ९ वटा ठेक्काहरुबाट काम भइरहेको स्थानमा बोलपत्रबाट बचत रकमबाट सोहि योजनाको बाकि खण्डको कार्य कोटेशनको माध्यमबाट गराएकोमा नमूना छनौटको आधारमा परीक्षण गर्दा प्रतिस्पर्धाबाट काम गरिरहेको निर्माण व्यवसायीहरुबाट ऐन तथा नियमावली अनुसार कबोल दररेटमा काम नगराइ लागत अनुमानको दररेटमा काम गराएको कारण देहाय अनुसार बढि भुक्तानि भएको रकम रु १४४४१७७।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु..............................

वडा नं ५ को पिच चोकहुदै बोरिङ्गसम्म सडक ग्राभेल (ठेक्का नं ४५।०७८।७९ बाट सोहि निर्माण व्यवसायीबाट काम भइरहेको

निर्माण व्यवसायी	गो भौ नं र मिति	रकम	आइटमको नाम	कोटेशनबाट गरेको परिमाण	कोटेशनबाट गराएको दररेट	ठेक्का नं ४५।०७८।७९ बाट गरेको दररेट	बढि भुक्तानि रकम
बि.एल.एन. कन्स्ट्रक्सन प्रा.लि. बैजनाथ २	४५४।२०७९।३।२४	८३८७५५	Clearing and grubbing road	७०७ ब मि	३०	१०	१४१४०
			Scarifying the existing road	३५३५ ब मि	२०	१०	३५३५०
			Subbase	२६५. १३ घ मि	२४५३	७५०	४५१७८१
जम्मा मू अ कर समेत							५६६४३६

वडा नं ८ को हंसपुर चौपारि सडक हयूम पाइप र ग्राभेल (ठेक्का नं ५१।०७८।७९ बाट सोहि निर्माण व्यवसायीबाट काम भइरहेको

निर्माण व्यवसायी	गो भौ नं र मिति	रकम	आइटमको नाम	कोटेशनबाट गरेको परिमाण	कोटेशनबाट गराएको दररेट	ठेक्का नं ४५।०७८।७९ बाट गरेको दररेट	बढि भुक्तानि रकम

समिप निर्माण सेवा प्रा.लि.	३२८।२०७९।२।३०	६५६१९२	Clearing and grubbing road	३९६ ब मि	३३	१५	७१२८
			Earth filling	६० घ मि	५२०	२७५	१४७००
			Scarifying the existing road	१३२० ब मि	२०	१५	६६००
			Subbase	१५२. १५ घ मि	२४५०	९००	२३५८३२
जम्मा मू अ कर समेत							२९८६१४

वडा नं १ रत्न राजमार्गदेखि समसानघाट सडक हयूम पाइप र ग्राभेल (ठेक्का नं ३१।०७८।७९ बाट सोहि निर्माण व्यवसायीबाट काम भइरहेको

निर्माण व्यवसायी	गो भौ नं र मिति	रकम	आइटमको नाम	कोटेशनबाट गरेको परिमाण	कोटेशनबाट गराएको दररेट	ठेक्का नं ४५।०७८।७९ बाट गरेको दररेट	बढि भुक्तानि रकम
जे आर कन्स्ट्रक्सन बैजनाथ वडा नं १	३६९।२०७९।१।२१	८०४०३७	Clearing and grubbing road	७०० ब मि	३१	१०	१४७००
			Scarifying the existing road	१७५० ब मि	१९	१०	१५७५०
			Subbase	२३५. ११ घ मि	१७४८	७००	२४६३९५
			NP 3-900mmDai Humepipe	२. ५० र मि	१२९६५	१००००	७४१२
जम्मा मू अ कर समेत							३२१२१०

वडा नं ६ र ८ हंसपुर गेटदेखि सम्झना बजार सडक ग्राभेल (ठेक्का नं ४१।०७८।७९ बाट सोहि निर्माण व्यवसायीबाट काम भइरहेको

निर्माण व्यवसायी	गो भौ नं र मिति	रकम	आइटमको नाम	कोटेशनबाट गरेको परिमाण	कोटेशनबाट गराएको दररेट	ठेक्का नं ४५।०७८।७९ बाट गरेको दररेट	बढि भुक्तानि रकम
एल.एम.पी कन्ट्रक्सन बैजनाथ ४ बाँके	२५५।२०७९।१।१५	५६४०३२	Clearing and grubbing road	३०० ब मि	३३	१५	५४००
			Scarifying the existing road	१२५० ब मि	२०	१५	६२५०
			Earth filling	१७५ घ मि	५२०	३५०	२९७५०
			Subbase	१४९ घ मि	२४५४	१२००	१८६८४६
जम्मा मू अ कर समेत							२५७९१७
कुल जम्मा							१४४४१७७

५० **प्रतिस्पर्धाबाट निर्माण काम गराएकोमा अधुरो रहेका योजना**

प्रतिस्पर्धाबाट निर्माण काम गराएकोमा अधुरा आयोजना: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सो का शर्तहरुको व्यवस्था,दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने त्यस्तै नियम १२१ मा थप म्याद भित्र पनि काम सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पन्न जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराउने व्यवस्था रहेको छ । निर्माण व्यसायीले पेश गरेको कार्यतालिका तथा सम्झौताको शर्त बमोजिम काम शुरु नगरेको एवम निर्माण काम सन्तोषजनक रुपमा नगरेको अवस्थामा समेत पालिकाबाट पूर्वनिर्धारित क्षतिपूर्ति नलगाउने गरि म्याद थप गर्ने परिपाटिले निर्माण व्यवसायीहरुले समयमा निर्माण काम नगर्ने प्रचलन रहेकोले निर्माण व्यवसायीको लापरबाहीले सम्झौता अनुसार काम नगरेमा हर्जाना लगाउने गरि म्याद थप तथा आवाश्यक कारवाहि गर्नुपर्दछ । पालिकाबाट प्राप्त बिबरण अनुसार पटक पटक ताकेता गर्दा पनि निर्माण काममा प्रगति नभइ देहायका आयोजनाहरु निर्माण गर्ने निर्माण व्यवसायीहरुलाइ के कति कारणले तोकिएको समयमा उक्त काम सम्पन्न नभएको हो सो को यर्थात आधार सहित ७ दिनभित्र कार्य संचालन गर्न उपस्थित हुन मिति २०७९।५।१५ मा अन्नपूर्ण राष्ट्रिय दैनिक र मिसन टु डे दैनिक कोहलपुरमा सूचना प्रकाशित गरिएको र अन्यथा यसै सूचनालाइ आधार मानी सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालो सूचिमा राख्नका लागि सिफारिस गरि पठाइने व्यहोरा समेत सूचनामा जानकारी गराएकोमा लेखापरीक्षण अवधि मिति २०७९।९।१२ गतेसम्म उक्ता सूचनामा प्रकाशन गरे अनुसारको कारवाहि पालिकाले गरेको नदेखिएकोले ऐन, नियमावली तथा सूचना बमोजिम आवाश्यक कारवाही गरि निर्माण कामलाइ सम्पन्न गर्नु गराउनु पर्दछ ।

कामको बिबरण	ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	निर्माण काम सम्पन्न गर्नुर्ने मिति	म्याद थप समेत सम्पन्न गर्नुर्ने मिति	यस आ ब मा भुक्तानि रकम	हालसम्मको भुक्तानी	कामको अवस्था
रत्न राजमार्ग देखि रारा स्कुल सडक कालोपत्रे दोश्रो खण्ड	१६।०७७।७८	रिबायल कन्स्ट्रक्सन प्रा लि कोहलपुर	१८९५८६६	२०७८।३।३०	२०७९।९।३०	०	११८२१२४	७० प्रतिशत काम भएको

रत्न राजमार्ग देखि बागेश्वरि मा बि सडक कालोपत्रे	१७।०७७।७८	रिबायल कन्स्ट्रक्सन प्रा लि कोहलपुर	१४९३१७५	२०७८।३।३०	२०७९।९।३०	०	७३०३७४	लागत अनुमान अनुसारकाम नगरेको
वडा नं ७ को पिडारी गाउँ सडक कालोपत्रे	१९।०७७।७८	रिबायल कन्स्ट्रक्सन प्रा लि कोहलपुर	२१०४२२५	२०७८।३।३०	२०७९।९।३०	०	१०४५८६०	,, ,,
बर्गदहि देखि गुरुदयाल सडक कालोपत्रे	२५।०७७।७८	रिबायल कन्स्ट्रक्सन प्रा लि कोहलपुर	७५१२५३	२०७८।३।३०	२०७९।९।३०	४६६५३७	४६६५३७	,, ,,
सिक्टा नहरदेखि मचेरागाउँ लिंक सडकमा कालोपत्रे	२।०७८।७९	के आर कन्स्ट्रक्सन कोहलपुर	२९६४५५२	२०७९।३।१५	म्याद थप नभएको	०	०	काम शुरु नगरेको
हरितारादेखि नौलापुरगाउँ सडक कालोपत्रे	३।०७८।७९	के आर कन्स्ट्रक्सन कोहलपुर	२९७८१८०	२०७९।३।१५	म्याद थप नभएको	०	०	,, ,,
इमिलिटोल देखि चादनिचोक सडक कालोपत्रे	११।०७७।७८	के आर कन्स्ट्रक्सन कोहलपुर	२२४०९५१	२०७८।३।३०	२०७९।९।३०	२४९६५७	६४१२६२	४० प्रतिशत
गुनापुरचोकदेखि रामपुर सडक कालोपत्रे	७।०७५।७६	नमस्ते रबि निर्माण सेवा जाजरकोट	४१३४२८९	२०७६।३।१५	२०७९।६।३०	०	३३१२३३४	सबबेशसम्मको काम भएकोमा कालोपत्रे बाँकि

५१ **बिमा प्रिमियम तिरेको कर बिजक बिना भुक्तानी** १८०,७१५

बिमा प्रिमियम तिरेको कर बिजक बिना भुक्तानि :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक १० लाख र यस नियमावलीको एघारौं संशोधन मिति २०७८।१२।३ गते पश्चात २० लाख भन्दा बढि मूल्यको निर्माण काम गर्ने निर्माण व्यवसायीले निर्माण काम, कामदार र तेश्रो पक्षको बिमा निर्माण कामको त्रुटि सच्याउने अबधि भन्दा एक महिना पछिसम्मको हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट पेश भएको बिबरण तथा नमूना छनौटको आधारमा परीक्षण गर्दा देहायमा उल्लेख गरिए अनुसारका निर्माण व्यवसायीहरुले नियममा व्यवस्था भए मुताबिक बिमा नगराएको, बिमा गराएको भएतापनि कम अवधिको बिमा गर्ने गरेको र नियममा व्यवस्था भए बमोजिम सम्पूर्ण पक्षको बिमा नगरेको तथा निर्माण व्यवसायीबाट बिमा वापत प्रिमियम बुझाएको मू अ कर बिजक एवम ल्याब टेष्ट वापत समेत भुक्तानि भएकोमा सो को बिजक पेश नगरेकोमा समेत पालिकाले बिमा भुक्तानि भएको देखिएकोले सो वापतको सोहि अवधिको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु..............

ठेक्का नं	गो भौ नं र मिति	रकम	काम र स्थान	निर्माण व्यवसायी	सम्झौता रकम	बिमा भुक्तानि भएकोमा बिजक पेश नभएको	ल्याब टेष्ट भुक्तानि भएकोमा बिजक पेश नभएको

२२।०७६।७७	३५०।०७९।३।८	१४८८३९७	जब्दुहादेखि डिगियासम्म कालोपत्रे	बि एल एन कन्स्ट्रक्सन	१०५५९२००	२५०००	०
१६।०७८।७९ संघिय	२० र ४५।०७९।३।२३	३१२९१५०	बिजय मेमोरियल मा बि भवन निर्माण ४ कोठे	नबिन निर्माण सेवा जाजरकोट		१५०००	३००००
१५।०७८।७९ संघिय	१६ र ३२।०७९।३।२३	२९९०६३२	समाबेसि मा बि ४ कोठे भवन निर्माण	नबिन निर्माण सेवा जाजरकोट		१५०००	३००००
६।०७८।७९			वडा नं ६ पार्वतिपुर सडक कालोपत्रे	मैटहवा साइमन प्रा लि खजुरा		३००९८	०
११।०७८।७९			वडा नं ४ ने रा मा बि सडक स्तरोन्नति	मैटहवा साइमन प्रा लि खजुरा		१०६१७	
१८।०७८।७९			डिगियादेखि त्रिवेणिचोक दोश्रो खण्ड कालोपत्रे	खुशि बिल्डर्स बैजनाथ वडा नं५		२५०००	
जम्मा						१२०७१५	६००००

कार्यालयबाट प्राप्त बिबरण तथा नमूना छनौटको आधारमा परीक्षण गर्दा बिमा नगरेका निर्माण व्यवसायीहरु

ठेक्का नं	काम र स्थान	निर्मण व्यवसायी	लागत अनुमान
२।०७८।७९	वडा नं ५ सिक्टा नहर सडक कालोपत्रे, निर्माण व्यवसायीले हालसम्म निर्माण काम शुरु नै नगरेको	के आर कन्स्ट्रक्सन कोहलपुर	७२०७२४९
३।०७८।७९	बडा नं ४ हरितारा सडक कालोपत्रे, निर्माण व्यवसायीले हालसम्म निर्माण काम शुरु नै नगरेको	के आर कन्स्ट्रक्सन कोहलपुर	७१६९७५६
९।०७८।७९	हसनपुरदेखि थपुवा सडक कालोपत्रे	एल एम पि कन्स्ट्रक्सन	३५२९६३७
१३।०७८।७९	कुकुरपुरदेखि पानस इट्टा सडक स्तरोन्नति	खुसि बिल्डर्स बैजनाथ वडा नं ५	३०३७३०५
१४।०७८।७९	वडा नं ७ देखि ट्रस पुल सडक स्तरोन्नति	गंगोत्रि निर्माण सेवा	४९३७०६६
१७।०७८।७९	आर सि सि नालि चिसापानि सडक कालोपत्रे	जे आर कन्स्ट्रक्सन	४१६५४३३

१८।०७८।७९	डिगियादेखि त्रिबेणि सडक दोश्रो खण्ड सडक कालोपत्रे	खुसि बिल्डर्स बैजनाथ वडा नं ५	५१६२५९९
२३।०७८।७९	संगमचोकदेखि प्रभात मा बि दोश्रो खण्ड सडक कालोपत्रे	खुसि बिल्डर्स बैजनाथ वडा नं ५	२२३२३६१
२४।०७८।७९	सिक्टा नहरदेखि गुरुवा गाउँ दोश्रो खण्ड सडक कालोपत्रे	खुसि बिल्डर्स बैजनाथ वडा नं ५	४०५०८१३
२५।०७८।७९	पार्वतिपुर दोश्रो खण्ड सडक कालोपत्रे	खुसि बिल्डर्स बैजनाथ वडा नं ५	३९५४३०९
२९।०७८।७९	रत्नराजमार्ग चिसापानी सडक बैजनाथ वडा नं १ कालोपत्रे	मा त्रिपुरासुन्दरी निर्माण सेवा	४३४५४२९
३०।०७८।७९	लक्ष्मि शाहको घर मानखोला सडक स्तरोन्नति	गंगोत्रि निर्माण सेवा	४५५८०५८
३२।०७८।७९	वडा न २ मकैबारी सडक स्तरोन्नति	बि एल एन कन्स्ट्रक्सन बैजनाथ २	३५०७१८५
३९।०७८।७९	वडा नं ७ आर सि सि नालि सडक कालोपत्रे	आर सि बिल्डर्स	३६९७६७४
४३।०७८।७९	वडा नं २ को बक्स कल्भर्ट निर्माण	सात भाइ निर्माण सेवा अछाम	११९७१५०४
४४।०७८।७९	वडा नं ३ स्वास्थ्य चौकि निर्माण	निसान निर्माण सेवा	७१४२९७४
४६।०७८।७९	वडा नं ६ को एच गाउँ ३१ नं सडक कालोपत्रे	बाबा इन्फ्रा प्रोजेक्ट नेपालगंज	३६६८९००
४८।०७८।७९	वडा नं ५ मा पशु स्वास्थ्य चौकि भवन निर्माण	कालिगण्डकी कन्स्ट्रक्सन	७२५१८१९
४९।०७८।७९	गडहरि १ नं चोकदेखि वडा नं ५ सिमानासम्म स्तरोन्नति	मा निर्माण सेवा कोहलपुर	१९९२२४३९६
५०।०७८।७९	वडा नं ७ पतौलिपुर सडक स्तरोन्नति	बाबा इन्फ्रा प्रोजेक्ट नेपालगंज	२३७१३३५
५१।०७८।७९	बडा नं ८ करेलि भंग्रा सडक स्तरोन्नति	प्रभु डेभलपमेन्ट खजुरा	४२६१२६९

५२			**बजेट भन्दा बढि लागत अनुमान तयार गरि निर्माण काम गराएको** **बजेट भन्दा बढि रकमको लागत अनुमान तयार गरि ठेक्का बन्दोबस्त गरेको** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ को अधिनमा रहि पालिकाले जुनसुकै योजनाको कामको लागि पारित गरेको बजेटलाई आधार मानि सो बजेटबाट गर्न गराउन सकिने जति कामको लागत अनुमान तयार गरि काम गर्नु गराउनु पर्दछ। फत्तेपुरदेखि शक्तिनगर थपवा जाने सडकमा कालोपत्रे गर्न ठेक्का नं ४२।२०७८।७९ बाट काम गर्नको लागि बजेट रु ३००००००।०० व्यवस्था	४९८,०९३

भएकोमा लागत अनुमान भन्दा रु १२१४७२३।०० बढि हुने गरि रु ४२१४७२३।०० को लागत अनुमान तयार गरि बोलपत्रको माध्यमबाट छनौट भएको बि एल एन कन्स्ट्रक्सन प्रा लि सँग रु ३५२३११७।०० मिति २०७८।१०।१० मा सम्झौता भए अनुसार निर्माण काम सम्मपन्न गरि रु ३४९८०९३।०० को प्राबिधिक मूल्यांकन भए अनुसार सो योजनाको बजेट रु ३००००००।०० ले नपुग रकम रु ४९८०९३।०० कार्यपालिकाको मिति २०७८।१०।२५ को बैठक नं २० औं बैठकबाट मर्मत संभारमा एकमुष्ट अवण्डा राखेको रुकम रु १४१०००००।०० बाट भुक्तानि दिने निर्यण अनुसार गो भौ नं २३४ मिति २०७९।१।८ बाट भुक्तानि दिएको नियमसम्मत नभएको रु

५३

लागत अनुमानमा बिमा रकममा एकरुपता नभएको

लागत अनुमानमा बिमा रकममा एकरुपता नभएको सम्बन्धमा M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण काम गर्न स्विकृत नमर्स,दररेट र निर्माणस्थलमा उपलब्ध श्रोत साधनको उपलब्धताको आधारमा लागत अनुमान तयार गर्नुपर्ने, नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने उल्लेख छ। सडकको स्तरोन्नति गर्ने एकै प्रकारको कामको लागि देहाएमा उल्लेख गरिएका ठेक्काहरुको लागत अनुमान तयार गर्दा पि एस आइटमको फरक फरक हुने गरि केहि ठेक्काहरुको लागत अनुमानमा अत्यधिक मात्रामा धैरै रकम समाबेश गर्नुको कारण स्पष्ट नभएकोले पालिकाले यसरि लागत अनुमान तयार गर्नुको पुष्ट्याइ र कारण सहित प्रमाण पेश गर्नुको साथै यसरि लागत अनुमान तयार गर्ने सम्बन्धितलाइ जिम्मेवार बनाइ निर्माण व्यवसायिलाइ बढि भुक्तानि हुन सक्ने हुदाँ पालिकाले भुक्तानि दिदाँ नियन्त्रण गर्नुपर्ने देखिन्छ।

आइटमको नाम	ठेक्का नं ४७।०७८।७९	ठेक्का नं ४९।०७८।७९	ठेक्का नं ९।०७८।७९
कुल लागत अनुमान	१९२१८०६८	१९९२४३९६	१७०९४०८७
बिमा	४०००००	४०००००	२५०००
स्वास्थ्य सुरक्षा	५००००	९००००	०
रिलोकेशन	४०००००	४०००००	०
ल्याब टेष्ट	४००१०	११५७००	१५०००

५४

वडा नं ४ र ६ को स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा

२,२४७,६७०

खरिद सम्झौताको अन्त्य गरि बाँकि निर्माण काम सम्बन्धमा-सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन। तर कार्यालयले अधुरा ठेक्काहरुका हकमा यी कारवाहीहरु गर्नु पर्नेमा सो कानुनी जिम्मेवारी पुरा नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधी लम्बिन गई ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन नसकेको अवस्था उत्पन्न भएकोले अधुरा ठेक्काहरुलाई नियमानुसार कारवाही गरि ठेक्का सम्झौता र खरिद ऐनको कार्यान्वयन हुनुपर्दछ। वडा नं ४ को स्वास्थ्य चौकि भवन निर्माणको ठेक्का नं २०।०७६।७७ र वडा नं ६ को स्वास्थ्य चौकि भवन निर्माणको ठेक्का नं २१।०७६।७७ रहेको निर्माण काम मिति २०७७।२।२२ मा निर्माण व्यवसायी चंखेली निर्माण सेवा प्रा लि पुतलीसडक काठमाडौंसँग सम्झौता गरि शुरु म्याद २०७७।११।३० रहेकोमा प्रथम पटक मिति २०७८।३।३० सम्म तथा दोश्रो पटक गाउँसभाको निर्यणले मिति २०७८।६।३० सम्म म्याद थप भएको अवधिसम्म पनि काम सम्पन्न नगरेकोले गाउँ कार्यपालिकाको मिति २०७८।१०।२५ गते निजसँगको सम्झौता तोड्ने निर्यणानुसार पालिकाले मिति २०७८।१०।३० गते उक्त निर्माण व्यवसायीको बैंक जमानत जफत गरि बाँकि काम गराउने गरि टिप्पणि उठान भइ प्रमुख प्रशासकिय अधिकृतले आर्थिक प्रसाशन शाखामा राय माग गरे अनुसार आर्थिक प्रसाशन शाखाले समेत सोहि व्यहोरा सहित कालोसूचिमा लागि सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौंलाइ सिफारिस गर्ने राय दिएकोमा उक्त टिप्फणि स्विकृत तथा सदर नगरेकोमा भएतापनि पालिकाले मिति २०७८।१२।२२ गते गाउँ कार्यपालिकाको मिति २०७८।१०।२५ को निर्यणानुसार बैंक जमानत जफत गरि सोहि रकमबाट निर्माण काम गराउने र निर्माण व्यवसायीसँग भएको सम्झौता तोड्ने पत्राचार गरेको पाइयो। एवम पालिकाले लेखापरीक्षण मस्यौदा प्रतिबेदन माथि छलफलको क्रममा यस निर्माण व्यवसायी चंखेली निर्माण प्रा लि पुतलीसडकबाट निर्माण भएको दुइ वटा स्वास्थ्य चौकी भवन निर्माणको काम समयमा नगरेको कारण कार्यपालिकाबाट मिति २०७८।१०।२५ मा भएको निर्यणानुसार ठेक्का तोड्ने निर्यण भइ पत्राचार नहुँदै पुन बैठक नं नखुलाइएको, प्रस्ताब नं उल्लेख नगरिएको, निर्यण नं नखुलाइएको बैठक मिति २०७८।११।२५ को कार्यपालिकाले पुन काम गर्ने निबेदन निर्माण व्यवसायीले पेश गरेकोले ठेक्का नं २०।०७६।७७ र ठेक्का नं २१।०७६।७७ को म्याद मिति २०७८ माघ १

देखि मिति २०७९ आषाढ मसान्तसम्म म्याद थप गर्ने निर्यण गरेको देखिएकोमा पछिल्लो म्याद थप गर्ने निर्यण भइसके पश्चात अघिल्लो मितिको ठेक्का तोड्ने निर्यण मिति २०७८।१०।२५ को निर्यणको पत्राचार मिति २०७८।१२।२२ मा अर्थात म्याद थप गर्ने निर्यणको एक महिना पछि मात्र पत्राचार गरेको कारण स्पष्ट भएन । यि दुइ ठेक्काहरुको निर्माण व्यवसायी चंखेली निर्माण सेवा प्रा लि पुतलीसडकले समयमा निर्माण काम सम्पन्न नगरेको कारण प्रथम पटक मिति २०७८।३।३० सम्म, दोश्रो पटक गाउँसभाको निर्यणले मिति २०७८।६।३० सम्म, मिति २०७८ कार्तिक १ गते देखि २०७८ पौष मसान्तसम्म म्याद थपको निर्यण पेश नभएको तथा एक पटक गाउँसभाबाट म्याद थप गरि सके पश्चात पुन गाउँकार्यपालिकाबाट निर्माण व्यवसायीको म्याद थप गर्नु प्रचलित कानून सम्मत नहुनुको साथै निर्माण व्यवसायीलाइ पटक पटक थप म्यादमा निर्माण काम नगरि लापरबाहि गरेकोमा सार्वजनिक खरिद नियमावली अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ म्याद गर्न सकिने प्राबधानको समेत पालिकाले कार्यान्वयन गरेको समेत पाइएन।

पालिकाले ऐन नियममा भएको प्रावधान तथा ठेक्का तोड्ने पत्राचार बमोजिम निजको बैंक जमानत जफत गरि बाँकि काम निर्माण व्यवसायिबाट गराउनुपर्नेमा मिति २०७९।३।१५ मा प्राबिधिक मूल्यांकन तथा कार्यसम्पन्न अर्थात सम्पन्न गर्नुपर्ने म्याद भन्दा २५५ दिन ढिलोगरि कामको मूल्यांकन भएकोले गाउँकार्यपालिकाको निर्यण तथा नियमानुसार निर्माण व्यवसायीबाट असुल गराउनुपर्नेमा ठेक्का तोडिसके पश्चात दुइ वटै ठेक्काको गाउँकार्यपालिकाबाट बैठक नं नखुलाइएको, प्रस्ताब नं उल्लेख नगरिएको, निर्यण नं नखुलाइएको मिति २०७८।११।२५ को निर्यणानुसार म्याद थप गरि देहाय अनुसार निर्माण व्यवसायीलाइ रु १४७२१८९।०० र दश प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु ७७५४८१।०० समेत कुल रु २२४७६७०।०० भुक्तानि दिएकोले पालिकालाइ थप व्ययभार परेको रु......

ठेक्का नं	काम र स्थान	निर्माण व्यवसायी	बैंक जमानत रकम	सम्झौता रकम	गो भौ नं र मिति	भुक्तानि रकम	१० प्रतिशतले हुने हर्जाना रकम	असुल गर्नुपर्ने कुल रकम
२०।०७६।७७	वडा नं ४ को स्वास्थ्य चौकि भवन	चंखेली निर्माण सेवा प्रा लि पुतलीसडक	८५००००	३९०८९५३	२८१।०७९।३।२५	१२२६०४९	३९०८९५	१६१६९४४
२१।०७६।७७	वडा नं ६ को स्वास्थ्य चौकि भवन	चंखेली निर्माण सेवा प्रा लि पुतलीसडक	८८००००	३८४५८६७	२८१।०७९।३।२५	२४६१४०	३८४५८६	६३०७२६
जम्मा						१४७२१८९	७७५४८१	२२४७६७०

५५ **गुनापुरचोकदेखि रामपुरसम्म सडक कालोपत्रे** २२१,७६१

बढि भुक्तानि भएको :- ठेक्का नं ७।०७५।७६ को गुनापुरचोकदेखि रामपुरसम्म सडक कालोपत्रे गर्न नमस्ते रबि निर्माण सेवा जाजरकोट निर्माण व्यवसायीलाइ बिगत आ ब २०७५।७६ मा ठेक्काबाट भएको कामको प्रथम रनिङ्ग वापत गो भौ नं २।२०७६।३।६ बाट मू अ कर समाबेश समेत रु १८१६२२४।०० मा थप मु अ कर रु २३६१०९।०० जोडि हुने रु २०५२३३४।०० भुक्तानि भएकोमा सो निर्माण कामको बि ओ क्यू को दरमा मू अ कर समेत समाबेश भएकोले मु अ कर समेतको प्राबिधिक मूल्यांकनको जोडजम्मा गर्दा रु १५९४४६१।०० हुनेमा जोडजम्मा भन्दा रु २२१७६१।०० बढि हुने गरि रु १८१६२२४।०० भुक्तानि भएकोले रु २२१७६१।०० बढि भुक्तानि भएको हुदाँ यस व्यहोरा गत बिगत वर्षमा प्रतिबेदनमा औल्याइएको वा असुल उपर भएको भए प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु..............

५६ **गुनापुरचोकदेखि रामपुर सम्म सडक कालोपत्रेको निर्माण व्यवसायीलाइ बढि भुक्तानि** २६६,१०९

गुनापुरचोकदेखि रामपुर सडक कालोपत्रे ठेक्का नं ७।०७५।७६ को निर्माण काम सम्बन्धमा:-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सो का शर्तहरुको व्यवस्था,दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने त्यस्तै नियम १२१ मा थप म्याद भित्र पनि काम सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पन्न जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराउने व्यवस्था रहेको छ। यस पालिकाको वडा नं २ को ठेक्का नं ७।०७५।७६ को गुनापुरचोकदेखि रामपुरसम्म सडक कालोपत्रे गर्न रु ८०३५९१२।०० को लागत

अनुमान तयार गरि नमस्ते रबि निर्माण सेवा जाजरकोटसँग मिति २०७६।३।१५ सम्म सम्पन्न गर्ने गरि रु ४१३४२८९।०० मा मिति २०७६।१।१७ गते सम्मझौता भएकोमा चालु आर्थिक वर्ष २०७८।७९ मा भुक्तानि नभएतापनि प्राप्त बिबरण अनुसार बेस र सबबेशको काम सोहि आर्थिक वर्ष भए अनुसार हालसम्म रु ३३१२३३४।०० भुक्तानि भएको र कालोपत्रेको काम बाँकि रहेको पाइयो । यसरि सम्झौता तथा म्याद थपमा समेत काम नगरेकोले सार्वजनिक खरदि ऐन तथा नियमावली अनुसारको कारबाही गरि निर्माण काम गराउनुपर्दछ । निर्माण व्यवसायीले बेश र सबबेशको काम गरेकोमा ३ वर्षसम्म कालोपत्रेको लागि तयार गरेको बेश र सबबेशले काम नलाग्ने हुदाँ पुन शुरुदेखि बेश र सबबेश समेतको काम निर्माण व्यवसायीबाट गराइ सम्पूर्ण निर्माण काम गराउनुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

(१) **बैंक ग्यारेन्टिको म्याद समाप्त भएको सम्बन्धमा :-**पालिकाको वडा नं २ मा ठेक्का नं ७।०७५।७६ को गुनापुरचोकदेखि रामपुरसम्म सडक कालोपत्रे गर्न नमस्ते रबि निर्माण सेवा जाजरकोटसँग रु ४१३४२८९।०० मा मिति २०७६।१।१७ गते सम्मझौता भएकोमा यस आर्थिक वर्षसम्म पनि निर्माण काम सम्पन्न नभएकोमा कार्यसम्पादन जमानत वापत एन आइ सि एशिया बैंकको रु १५५५०००।०० को म्याद १५ मे २०२० अर्थात मिति २०७७।२।२ र पेश्कि जमानत वापत एन आइ सि एशिया बैंकमा राखेको रु ७०००००।०० म्याद १५ जुलाइ २०१९ अर्थात २०७६।३।३० मा समाप्त भएको देखिएकोमा गत वर्षको लेखापरीक्षण प्रतिबेदन अनुसार फछर्यौट हुन बाँकि पेश्कि रु २७०५३३।०० जोखिममा परेको हुनाले नियमानुसार व्याज समेत असुल हुनुपर्दछ । साथै बैंक जमानतको म्याद थप गरि जमानत रकम फिर्ता प्राप्त गर्नुपर्ने देखिन्छ ।

(२) **ठेक्का र सिधैं निर्माण कामको एउटै प्राबिधिक मूल्यांकन गरि भुक्तानि सम्बन्धमा :-**यस पालिकाको वडा नं २ मा ठेक्का नं ७।०७५।७६ को गुनापुरचोकदेखि रामपुरसम्म सडक कालोपत्रे गर्न नमस्ते रबि निर्माण सेवा जाजरकोटसँग मिति २०७६।३।१५ सम्म सम्पन्न गर्ने गरि रु ४१३४२८९।०० मा मिति २०७६।१।१७ गते सम्मझौता भएको पेश भएसम्मको कागजातबाट देखिएकोमा लेखापरीक्षणमा सम्झौता लागत अनुमान लगायतका डकुमेन्ट पेश भएन । पालिकाबाट प्राप्त बिबरण अनुसार सोहि आ ब मा सोहि निर्माण व्यवसायीबाट थप अर्को खण्डमा ग्राभेल गर्न प्रतिस्पर्धा तथा भेरिएशन बिना काम बोलपत्रको दरमा गर्न दिएको कार्यालयको भनाइ रहेकोमा ठेक्कामा निर्माण व्यवसायी लागत अनुमानको तुलनामा ४८.५५ प्रतिशत घटिमा कबोल गरेको थप कामगरेकोमध्ये केहि आइटमहरु बोलपत्रको दरमा गरेको र अन्य थप आइटमहरु बोलपत्रमा घटेको प्रतिशतको आधारमा गराउनुपर्नेमा सो गरे नगरेको थप कामको लागि दररेट नेगोसिएशनको माइन्यूट लगायत लागत अनुमान लेखापरीक्षणमा पेश भएन । बिगत आ ब २०७५।७६ मा ठेक्काको कामको प्रथम रनिङ्ग वापत गो भौ नं २।२०७६।३।६ बाट रु २०५२३३४।०० र अर्को रनिङ्ग बिल वापत गो भौ नं ३।२०७६।३।२८ बाट रु ५१७७१३३।०० गरि कुल रु ७२२९४६७।०० भुक्तानि भएकोमा पछिल्लो रनिङ्ग बिलको प्राबिधिक मूल्यांकन ठेक्का र सिधै दिएको थप कामको एकमुष्ठ रुपमा रु ५१७७१३३।०० को प्राबिधिक मूल्यांकन गरेकोले ठेक्का र सिधैं थप काम के कति भइ प्राबिधिक मूल्यांकन भएको थियो कार्यालयले समेत हाल यकिन साथ स्पष्ट गर्न सकेको अवस्था नभएकोले निर्माण व्यवसायीलाइ दोहोरो भुक्तानि भएको हुन सक्ने भएकोले पालिकाले यस सम्बन्धमा खोजबिन गरि यकिन गरि बढि भुक्तानि तथा नभएको कामको भुक्तानि भएको खण्डमा सम्बन्धितबाट असुल उपर गर्नु गराउनु पर्दछ ।

(३) **म्याद थप सम्बन्धा :-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम तोकिएको अवधिभित्र सम्पन्न गर्न नसकेका सो को कारण सहित म्याद सकिनु भन्दा कम्तिमा २१ दिन अगाडि निबेदन दिनुपर्ने र निर्माण व्यवसायीको कारण उचित लागि निर्माण व्यवसायीको लापरवाहिले ढिलाइ नभएको अवस्थामा नियमानुसार म्याद थप गर्न सकिने व्यवस्था रहेको छ ।** यस पालिकाको वडा नं २ मा ठेक्का नं ७।०७५।७६ को गुनापुरचोकदेखि रामपुरसम्म सडक कालोपत्रे गर्न नमस्ते रबि निर्माण सेवा जाजरकोटसँग मिति २०७६।३।१५ सम्म सम्पन्न गर्ने गरि रु ४१३४२८९।०० मा मिति २०७६।१।१७ गते सम्मझौता भएको र शुरु सम्झौता अवधि ३ महिना दिएकोमा छ पटक गरि ३० महिना अर्थात शुरु सम्झौता अवधिको १००० प्रतिशत म्याद थप गर्दा सम्म पनि निर्माण व्यवसायीले काम सम्पन्न गरेको पाइएन । पछिल्लो पटक कार्यपालिकाको बैठकले मिति २०७८।९।२० सम्म म्याद थप गरेकोमा निर्माण व्यवसायीले बैंक जमानतहरुको म्याद थप गरि पेश नगरेको कारण निर्माण व्यवसायीलाइ म्याद थपको पत्राचार गरेको देखिएन । पालिकाले उक्त निर्माण व्यवसायीलाइ नियमानुसार कारवाहि गरि बाँकि काम सम्पन्न गर्ने गराउनु पर्दछ ।

(४) **मू अ कर समेत बढि भुक्तानि भएको :-** ठेक्का नं ७।०७५।७६ को गुनापुरचोकदेखि रामपुरसम्म सडक कालोपत्रे गर्न नमस्ते रबि निर्माण सेवा जाजरकोट निर्माण व्यवसायीले बोलपत्र पेश गर्दा बिल अफ क्वान्टिटिमा कबोल गरेको दररेटमा १३ प्रतिशत मू अ कर समाबेश गरेको हुनाले थप मू अ कर दाबि गर्ने छैन भन्ने उल्लेख भएको पाइयो । पालिकाले थप काम र बोलपत्रको समेत एकमुष्ठ प्राबिधिक मूल्यांकन गरि गो भौ नं ३।२०७६।३।२८ बाट रु ५१७७१३३।०० भुक्तानि भएकोमा सो भुक्तानिमा समेत मू अ कर दोहोरो भुक्तानिका सम्बन्धमा पालिकाले यकिन गरि बढि भुक्तानि भएको रकम असुल गराउनुपर्दछ । प्रतिस्पर्धाबाट भएको कामको प्रथम रनिङ्ग वापत मू अ कर बाहेक रु १८१६२२४।०० मुल्यांकन भएकोमा मू अ कर रु २३६२२४।०० समेत गो भौ नं २।२०७६।३।६ बाट रु २०५२३३४।०० भुक्तानि भएको एवम साइट क्लिरेन्समा रु २००००।०० र सूचना बोर्डमा रु १००००।०० भुक्तानि दिनुपर्नेमा साइट क्लिरेन्समा रु ४००००।०० र सूचना बोर्डमा २००००।०० भुक्तानि भएकोले बढी भुक्तानि भएको क्रमश: रु २००००।००, रु १००००।०० र कबोल गरेको भन्दा मू अ कर रु २३६१०९।०० गरि जम्मा रु २६६१०९।०० बढि भुक्तानि भएको देखिएको हुदाँ यस व्यहोरा गत बिगत वर्षमा प्रतिबेदनमा औल्याइएको वा असुल उपर भएको भए प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु...............

५७			**प्रशाशनिक भवन निर्माण** गाँउपालिकाले गाउपालिकाको प्रशासनिक भवन निर्माणको लागि रु. ५५६३६८४५।११ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा सबै भन्दा घटी कवोल गर्ने निर्माण व्यवसायी एम.के.विल्डर्स एण्ड कन्ष्ट्रक्शन कम्पनि प्रा.लि.धनगढीसँग मिति २०७९।१०।०१ (पछिल्लो पटक म्याद थप समेत) भित्र निर्माण कार्य सक्ने गरी २०७७।०४।०१ मा रु.४९७१९७८० को सम्झौता गरेकोमा देखिएका व्यहोरा निम्न छन्-	
५७.१			कार्य सञ्चालन- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भए पश्चात सम्झौता बमोजिमको निर्माण कार्य भए नभएको जाँचबुझ गरी कार्य सम्पन्न प्रतिवेदन बनाउनु पर्ने तथा एजिवल्ट ड्रईगं बनाउनु पर्ने र कार्य सम्पन्न प्रतिवेदन स्विकृत पश्चात निर्माण व्यबसायीलाई कार्य सम्पन्न प्रमाणपत्र दिनु पर्ने उल्लेख गरिएको छ। पालिकाले उक्त भवन निर्माणको लागि पछिल्लो पटक तेस्रो पटक मिति २०७९|१०|०१ सम्ममा निर्माण कार्य सक्ने गरी म्याद थप गरेकोमा म्याद थप गरेको अवधिमा पनि निर्माण कार्य सकेको छैन। निर्माण कार्य सम्पन्न नहुँदै पालिकाको दैनिक कार्य सञ्चालनका कामहरु यही भवनबाट भएको पाईयो। निर्माण कार्य पुरा नहुँदै कार्यालय सरेको कारणले निर्माण व्यबसायीलाई स्वतन्त्र रुपमा काम गर्न समेत बाधा परेको देखिन्छ। साथै नर्माणकै क्रममा टुटफुट एवं त्रुटी भएमा कसको कारणले त्रुटी भएको हो एकिन नहुने भएकोले निर्माण व्यबसायीलाई त्रुटी सच्याउन बाध्यकारी नहुन सक्छ। तसर्थ निर्माण कार्य सम्पन्न नहुँदै पालिकाको दैनिक कार्य सञ्चालन गर्नु उपयुक्त देखिदैन।	
५७.२			भेरिएशन - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएशन सम्बन्धि व्यबस्था रहेको छ। पालिकाले आईटम नं. ५.१ को आरसिसि (१:१.५:३) को जगदेखि पिलेन्थको उचाई ०.४५ मिटर बढाएको भवनको अगाडीको बरण्डा थप गरेको ,रिईन्फोर्समेन्ट कार्यमा बरण्डा थप गरेको छतमा ट्रसको छाना थप गरेकोले डण्डीको परिमाण थप गरीउको तथा लागत अमानमा झ्यालमा फलामको ग्रिलको आईटम छुट भएकोले फलामको परिमाण बढेको कारण जनाई शुरु सम्झौता रकमकै दररेटमा रु.४२९२९०७|२१ थप गरि शुरु सम्झौता रकममा ८.६३ प्रतिशत भेरिएशन आदेश गरीएको छ। भवन निर्माण गर्दा आवस्यक पर्ने परिमाण शुरु लागत अमानमा नै समाबेश गरी लागत अनुमान तयार गरिनु पर्दछ।	
५७.३			विजक पेश नभएको - गाँउपालिका र निर्माण व्यबसायी बीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा पाँचौ रनिगं विल सम्म रु.३०११७६०४|४३ भुक्तानी गर्दा प्रोभिजनल सम आईटमबाट विमा प्रिमियम रु.१६७४८२|९५ ल्यावटेष्ट वापत रु.३२७९५|- समेत रु.२००२७७|९५ भुक्तानी गरेकोमा विमा प्रिमियम वापत रु.७४३६५|३० को मात्र विजक पेश भएकोले रु.१२५९१२|- को को विल भर्पाई पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.१२५९१२|-	१२५,९१२
५८			**अभिलेख नराखेको**	
५८.१			ठेक्का अभिलेख - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म०ले०प०फा०नं०५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन। अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।	
५८.२		२०७९-११-१	खरिद कारवाही अभिलेख - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।	
५९			**विपद व्यबस्थापन कोषतर्फ**	
५९.१			३०|२०७८|१२|१७-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उप नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था रहेको छ। पालिकाले जिल्ला विपद व्वस्थापन समिति काँकेलाई रु.१०००००|- निकासा खर्च लेखेकोमा सो को विल भर्पाई पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु.	१००,०००

५९.२

प्रमाण-३३।२०७९।०१।२३-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उप नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले २०७८।१२।२२ को निर्णयानुसार कोभिड-१९ को कारणबाट मृत्यु भएका परिवारलाई प्रति परिवार रु.४०००० ।- खर्च दिने निर्णयानुसार वार्ड नं.-१ मा ८ जना, वार्ड नं.-२ मा ८ जना, वार्ड नं.-३ मा ३ जना ,वार्ड नं.-४ मा ४ जना, वार्ड नं.-५ मा १२ जना, वार्ड नं.-६ मा ८ जना, वार्ड नं.-७ मा ३ जना ,र वार्ड नं.-८ मा २ जना, समेत ५० जनाको रु.२०००००० ।- खर्च लेखेकोमा उक्त रकम निम्न स्वास्थय संस्थामा निकासा पठाएकोमा मृत्यु प्रमाण कागजात र सम्बन्धित परिवारले बुझेको भर्पाई पेश नभएकोले सो को सम्पूर्ण प्रमाण कागजात सहित विल भर्पाई प्रमाण पेश हुनु पर्ने रु.२०००००० ।-

सि.नं.	सस्थाको नाम	संख्या	निकासा रकम
1	बनकटवा प्राथमिक स्वास्थ्य केन्द्र	१२	४८००००
2	चिसापानी स्वास्थ्य चौकी	६	२४००००
3	नौबस्ता स्वास्थ्य चौकी	३	१२००००
4	टिटिहिरीया स्वास्थ्य चौकी	२	८००००
5	आधारभुत स्वास्थ्य सेवा केन्द्र डिगिया	८	३२००००
6	आधारभुत स्वास्थ्य सेवा केन्द्र गडरही	१३	५२००००
7	आधारभुत स्वास्थ्य सेवा केन्द्र पेडारी	२	८००००
8	आधारभुत स्वास्थ्य सेवा केन्द्र बानियाभार	४	१६००००
	जम्मा		२०००००० ।-

२,०००,०००

५९.३

भर्पाई- ४१।२०७९।०३।१९ -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उप नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था रहेको छ । पालिकाले राहत वितरणको लागि भनेर महालक्ष्मी ट्रेड अर्डर एण्ड सप्लायर्स नेपालगंज बाँकेबाट प्रति थान रु.२४८६ ।- का दरले रु. ४९७२०० ।-मुल्य बराबरका २०० थान त्रिपाल खरिद गरेकोमा सो को वितरणको भर्पाई पेश नभएको ब्यहोरा लेखापरीक्षणको क्रममा औंल्याएपछि छलफलको क्रममा वडा कार्यालय मार्फत वितरण गरेको भर्पाई पेश भएको ।

६०

उधारो निर्माण कार्य

अधुरो निर्माण कार्य - सार्वजनिक खरिद नियमावली, २०६४ मा सम्झौता बमोजिमको तोकिएको मितिमा निर्माण कार्य सम्पन्न गर्नु पर्ने व्यबस्था रहेकोमा पालिकाले निम्न निर्माण कार्य तोकिएको मितिमा सम्पन्न नगरी लेखापरीक्षण अवधि सम्म पनि अधुरो रहेकोले रु.४४०५४४७१ ।- मुल्य बराबरको बाँकी निर्माण कार्य समयमा सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सि.नं.	कामको विवरण	निर्माण व्यबसायीको नाम	कबोल अंक	भुक्तानी	बाँकी	सम्झौता मिति	सम्पन्न गर्ने मिति

1	Construction of Blacktopped Road From Sikta Nahar To Machera Gaun Link Road Works Baijanath -05, Machera Gaun	के.आर.कन्स्ट्रक्शन	2964552	0	2964552	8/8/2078	2079/3/15	
2	Construction Of Blacktopped Road From Haritara Community Centre to Naulapur Gau Road Works,Baijanath-04,Naulapur,Banke	के.आर.कन्स्ट्रक्शन	2978180	0	2978180	8/8/2078	2079/3/15	
3	Construction Of Road Upgrading Work From Ward -07 ko Truss Bridge Dekhi Ward -05 Jodena Bato Samma,Baijanath-07,Pedari,Banke	गंगादेवि निर्माण सेवा	1361122	0	1361122	2078।7।16	2078।10।30	
4	Construction of Two storied with 4 Room RCC School Building (Samabeshi Ma.Vi School),Baijanath-04,Tilakpur,banke	नविन निर्माण सेवा	3340894	2990653	350241	8/15/2078	2079।9।30	
5	Construction of Two storied with 4 Room RCC School Building (Shree BP Memorial Ma.Vi School),Baijanath-04,Baniyabhar,banke	नविन निर्माण सेवा	3441894	3129151	312743	7/16/2078	2079।9।30	
6	Construction Of Blacktopped Road With RCC Drain Chisapani Rara Basti Road works(2nd Parts),Baijanath-01,Chisapani,Banke	जे.आर.कन्स्ट्रक्शन	1767445	1740749	26696	26 Poush 2078	2079।3।15	

7	Construction Of Boundary Wall Of Shankar Ma.Vi School,Baijanath-08,Thapawa,Banke	आर.सि.विल्डर्स	3284412	840000	2444412	10/20/2078	2079।6।30
8	Construction of RCC Box Culvert in Kalarampur Khola (Multi Year Project)Baijanath-02,Kalarampur ,Banke	सातभाई निर्माण सेवा	6776278.34	0	6776278.34	11/2/2078	2079।11।30
9	Construction of Naubasta Healthpost Building. (Type -1)(Multi years Project)Baijanath-03,Naubasta,Bake	निशान निर्माण सेवा	4614416	0	4614416	11/11/2078	2079।11।30
10	Construction Of Blacktoped Road at H-gau 31 Number chowk And Road Upgrading at H-gau Purbha School Line Road works.Baijanath-05 and 06,Banke	बाबा नन्फ्रा	1723610	1434817	288793	11/25/2078	2079।7।30
11	Construction Of Road Upgrading Work From JethiNala Dekhi Rampur Palika hudai Gunapur Samma.Baijanath-.06 to 05,Banke	वि.एल.एन.निर्माण सेवा	9640136	3000000	6640136	11/8/2078	2079।9।30
12	Construction of Animal Health and Livestock Service Centre Building. (Multi years Project) Baijanath-05,Bankutwa,Banke	kaligandaki	4847651	0	4847651	11/12/2078	2079।9।30

13	Construction Of Road Upgrading and Rcc Drain Work From Garhai 1 Number Chowk Dekhi JethiNala Samma.Baijanath-.06 to 05,Banke	Ma Nirman sewa	13030579	3100000	9930579	11/8/2078	2079।3।30
14	Construction Of Road Upgrading work from Palautepur Chowk Hudai Khajura Gaupalika Jodne bato Road Works,Baijanath-07,Banke	Baba Infra	1046068	868518	177550	11/25/2078	2079।7।30
15	Construction Of Road Upgrading work Of Hasanapur bicha Line Road Works,Baijanath-08,Hasanapur,Banke	samip nirman	1305290	1242768	62522	11/25/2078	2079।3।20
16	Construction Of Road Upgrading Work Of Karelibhagra Jane bato and Nera Ma. Vi hudai South jane Bato Bargadahi Road Work,Baijanath-08	Parvu devlopment	2420600	2142000	278600	11/25/2078	2079।3।20
	Total		64543127.34	20488656	44054471.34		

६१			**पूर्वनिर्धारित क्षतिपूर्ति** **पूर्वनिर्धारित क्षतिपूर्ति:**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढीलाइको कारणले सम्झौतामा तोकिएको समयमा निर्माण काम सम्पन्न हुन नसकेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था रहेको छ। ठेक्का नं २२।०७६।७७ को वडा नं २ मा जबदुहा देखि डिगियासम्म कालोपत्रे काम गर्न मिति २०७७।३।३० सम्म सम्पन्न गर्ने गरि रु १०५५९२००।०० मा मिति २०७७।२।२२ गते र ठेक्का नं २२।०७७।७८ को वडा नं ८ मा तितिहिया थपुवा देखि फत्तेपुर सडकमा ग्राभेल गर्न मिति २०७८।३।२० सम्म सम्पन्न गर्ने गरि रु २२४७०९५।०० मा मिति २०७८।३।७ गते बि एल एन कन्स्ट्रकस्न प्रा लि सँग सम्झौता भएको पाइयो। उक्त निर्माण व्यवसायी बि एल एन ले ठेक्का नं २२।०७६।७७ को कामको गत बर्षमा तेश्रो बिलसम्म रु ९०६४९२५।०० समेत यस वर्ष गो भौ नं ३५०।२०७९।३।८ बाट रु १४८८३९७।०० गरि कुल रु १०५५३३२२।०० भुक्तानि भएको र ठेक्का नं २२।०७७।७८ को सम्झौतामा तोकिएको समयमा काम नगरि सम्पूर्ण कामको यस वर्ष तेश्रो तथा अन्तिम बिलसम्म गो भौ नं ३१, ३१५ र ४२५।२०७९।३।२१ बाट रु २१६७०५४।०० भुक्तानि भएको पाइयो। लेखापरीक्षणको क्रममा ठेक्काहरुको म्याद थप सम्बन्धि निर्यण माग गर्दा पालिकाले कार्यपालिकाको मिति २०७८।१०।२५ को २० औं बैठकको निर्यण नं ५ मा बिभिन्न १४ वटा ठेक्काहरुको म्याद थप गर्ने निर्यण भएकोमा ठेक्का नं	२१४,२२६

२२।०७६।७७ र ठेक्का नं २२।०७७।७८ को म्याद थप मिति २०७८ माघ १ देखि २०७९ बैशाख मसान्तसम्म थप गर्ने निर्यण पेश भएकोमा छलफलको क्रममा पालिकाबाट कार्यपालिकाको सोहि मिति,बैठक नं, निर्यण नं बाट १४ वटा ठेक्काहरुको म्याद थप गर्ने निर्यण पुन पेश भएकोमा अन्य ठेक्का नं हरुको म्याद थपको अबधि र मिति फरक नभइ एउटै रहेको अवस्थामा ति दुइ वटा ठेक्काहरु ठेक्का नं २२।०७६।७७ र ठेक्का नं २२।०७७।७८ को म्याद थप मिति २०७८ माघ १ देखि २०७९ आषाढ मसान्तसम्म थप भएको कार्यपालिकाको निर्यण पेश भएको कारण नियमानुसार लामो समयसम्म तोकिएको समयमा काम नगर्ने निर्माण व्यवसायीलाइ पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनबाट जोगाउनको लागि एउटै मितिमा एउटै बिषयमा दुइ पटक कार्यपालिकाको निर्यण भएको हो वा के भएको हो यकिन नभएको कारण पालिकाले यस सम्बन्धमा बास्तबिकता यकिन गरि असुल उपर गर्नुपर्ने देखिएमा देहाय अनुसार सम्झौता एवम म्याद थप अवधिसम्म पनि निर्माण काम नगरि ढिलो गरि काम सम्पन्न गरेकोले सम्झौता रकमको ०.०५ प्रतिशतको दरले रु २१४२२६।०० असुल गरि तथा असुल गर्नु नपर्ने भए पुष्ट्याइ र कारण सहित प्रमाण पेश गरि नियमित गर्नुपर्ने रु

ठेक्का नं	निर्माण व्यवसायीको नाम	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने म्याद थप समेत	सम्पन्न गरेको मिति	ढिलो सम्पन्न दिन	क्षतिपूर्ति रकम
२२।०७६।७७	बि एल एन कन्स्ट्रक्सन (ठेक्का बिल ३ पाना रहेकोमा एक पानामा सम्पन्न मिति सच्याइएकोमा अन्य पानामा सम्पन्न मिति २०७९।२।३१ रहेको)	१०५५९२००	२०७९।१।३०	२०७९।२।३१	३१	१६३६६७
२२।०७७।७८	बि एल एन कन्स्ट्रक्सन	२२४७०९५	२०७९।१।३०	२०७९।३।१५	४५	५०५५९
जम्मा						२१४२२६

६२ **प्राबिधिक मूल्यांकन र बिल बिजक बिच सामान्जस्यता सम्बन्धमा**

प्राबिधिक मूल्यांकन र बिल बिजक बिच सामान्जस्यता M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने एवम योजनाहरुको कार्यान्वयन गर्दा दर बिश्लेषण अनुसार लागत अनुमान तयार गरि सोहि दरबिश्लेषण अनुसार निर्माण काम गरि उपभोक्ताले दक्ष तथा अदक्ष ज्यामि ज्याला र निर्माण सामाग्रिहरुको बिल बिजक उपभोक्ता समितिबाट पेश हुनुपर्ने व्यवस्था रहेको छ। यस बर्ष उपभोक्ता समितिहरुबाट निर्माण भएका योजनाहरु नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि योजनाहरुको डण्डि, सिमेन्ट तथा इट्टा लगायत निर्माण काममा प्रयोग हुने मुख्य मुख्य आइटममा प्राबिधिक मूल्यांकनको परिमाण अनुसार आवश्यक पर्ने निर्माण सामाग्रि खरिद नगरि कम परिमाणमा निर्माण सामाग्रि खरिद गरि प्राबिधिक मूल्यांकनको परिमाणको नर्मस भन्दा बढिको अर्थात नर्मस अनुसार लाग्ने ज्यामि भन्दा बढि ज्यामी लागेको डोर हाजिर तथा रितपूर्बको ढुवानिको बिल बिजक पेश नगरि सामान्य भरपाई पेश गरेको पाइयो। यसरि उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ प्राबिधिक मूल्यांकन अनुसार आवाश्यक पर्ने निर्माण सामाग्रि भन्दा कम परिमाण खरिद गरि काम गरेकोले उपभोक्ता समितिहरुबाट भएको कामको गुणस्तर तोकिएको मापदण्ड तथा नर्म्स अनुसार भएको छ भन्न सकिने आधार नदेखिएकोले यसम पालिकाले सुधार गर्नुपर्ने देखिन्छ।

६३ **कन्वाताल मर्मत तथा संरक्षणमा माटो पटान र ढुवानीमा बढि भुक्तानि सम्बन्धमा** ५१२,५०४

कन्वाताल मर्मत तथा संरक्षणमा माटो ढुवानि वापत भुक्तानि M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण काम गर्न स्विकृत नमर्स,दररेट, र निर्माणस्थलमा उपलब्ध श्रोत साधनको उपलब्धताको आधारमा लागत अनुमान तयार गर्नुपर्ने, नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने उल्लेख छ। यस पालिकाको वडा नं ३ को कन्वाताल मर्मत तथा संरक्षण गर्नको लागि बजेट रु १० लाख बिनियोजन गरे अनुसार उपभोक्ता समितिले २० प्रतिशत व्यहोर्ने गरि कुल रु १२४९५३९।०० को लागत अनुमान तयार गरि प्राबिधिक मूल्यांकन रु १२७३३२६।०० भइ उपभोक्तालाइ गो भौ नं ४५०।०७९।३।२४ बाट रु १००००००।०० भुक्तानि दिएको पाइयो। उक्त उपभोक्ता समिति आफैले नगरि सम्पूर्ण निर्माण काम हमाल बिल्डर्स बैजनाथबाट गराइ पालिकाको दररेट भन्दा बढि दररेटले उक्त निर्माण व्यवसायीको रु १३३८८११।०० को ३ वटा बिजक पेश भए अनुसार उपभोक्ताले पेश गरेकोले नियम विपरित निर्माण व्यवसायीबाट गराउनुको सट्टा प्रतिस्पर्धाबाट गराएको अवस्थामा मितव्ययि हुने तर्फ पालिकाले ध्यान दिएको देखिएन। उपभोक्ताले तालको छेउको माटो काट्ने काम २२० मिटर गरि ६१५१.२० घ. मि., बाटोमा माटो काट्ने काम १६० मिटर गरि ५१२ घ. मि.,तालको

छेउमा माटो पटान गर्ने काम २५०.५ मिटर गरि ३७०३.०३ घ. मि. र सडकमा ग्राभेल बिछ्याउने काम १६० मिटर गरि १४३.८२ घ. मि. गरि कुल रु १२६९८२६।०० को प्राबिधिक मूल्यांकन भएकोमा उक्त तालमा गरिएको कामको बिस्तृत नापि किताब बिना प्राबिधिक मूल्यांकन भएकोले सम्पूर्ण काम सो तालमा भएको थियो थिएन यकिन गर्न नसकिएकोले यस सम्बन्धमा पालिकाले वास्तबिकता के हो यकिन गरि नियमानुसार गर्नु गराउनु पर्दछ । माटो काटिङ्गबाट प्राप्त परिमाण ६६६३.२ घ. मि. मध्ये तालको छेउमा पटान गरिएको ३७०३ घ. मि.गरि बाँकि रहेको २९६०.२ घ. मि. को व्यवस्थापन कहाँ र कसरि गरिएको छ यदि त्यो बाँकि माटो तालको छेउमा राखिकएको भए तालको सौन्दर्यतामा असर पर्ने हुदाँ त्यस सम्बन्धमा पालिकाले निरिक्षण गरि बास्तबिकता यकिन गरि व्यवस्थापन गर्नुपर्ने देखिन्छ । साथै उक्त स्थानमा कटिङ्ग गरि प्राप्त भएको ६६६३.२ घ. मि. माटो मध्येबाट तालको छेउमा ३७०३.०३ घ. मि. माटो पटान गरिएको र पटान गरिएको ३७०३.०३ घ. मि. माटोको ढुवानि २ कि.मि.दुरिको लागि प्रति घ. मि. रु १७३।०० ले रु ६४०६३१।०० भुक्तानि दिएको हुँदा सोहि स्थानको माटो पटान गर्दा ढुवानि २ कि.मि. दिनुपर्ने आवाश्यकता नपरेको हुनाले बढि भुक्तानि भएकोले सम्बन्धितबाट जनश्रमदान कट्टा गरि रु ५१२५०४।०० असुल हुनुपर्ने रु..............

६४ **लागत अनुमानमा नभएको काममा भुक्तानि सम्बन्धमा** ६२,४०४

लागत अनुमानमा नभएको भुक्तानि M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण काम गर्न स्विकृत नमर्स,दररेट, र निर्माणस्थलमा उपलब्ध श्रोत साधनको उपलब्धताको आधारमा लागत अनुमान तयार गर्नुपर्ने र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा नं ६ को कडेलपुर सडकमा ग्राभेलको काम गर्न उपभोक्ताको १५.६७ प्रतिशत योगदान समेत कुल रु १०४३५०५।०० को लागत अनुमान तयार गरि निर्माण कामको प्राबिधिक मूल्यांकन रु १०४३५०५।०० भइ गो भौ नं ११३।२०७८।११।२२ बाट रु ८८००००।०० भुक्तानि दिएको छ । यस योजनामा लागत अनुमान अनुसारको प्राबिधिक मूल्यांकन रु १०४३५०५।०० भएको र उपभोक्ता समितिले रु १०४१२५१।०० को बिल बिजक पेश गरेकोमा लागत अनुमानमा लुज ग्राभेल गर्ने दर बिश्लेषण भएको भएतापनि उपभोक्ता समितिले लागत अनुमानमा नभएको ग्रेडर र पानि खर्च रु ७४०००।०० समेतको बिल भरपाइ पेश गरेको आधारमा भुक्तानि भएकोले उपभोक्ताको योगदान कट्टा गरि रु ६२४०४।०० असुल हुनुपर्ने रु

६५ **उपभोक्ता समितिले आफैं काम नगरि निर्माण व्यवसायीबाट गराएको**

उपभोक्ता समितिले आफैं नगरि अरुबाट निर्माण काम गराएको M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यावसायी वा सब कन्ट्र्याक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश सो समितिले आफैंले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाइ दिनुपर्ने तथा सार्वजनिक निकायले सो सम्बन्धमा जाँचबुझ गरि उपभोक्ता समितिसँग भएको सम्झौता तोडि बाँकि काम ऐन र यस नियमावली बमोजिम गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष बिभिन्न योजनाहरुको कार्यान्वन उपभोक्ता समितिहरुबाट गराएकोमा नमूना छनौटको आधारमा परीक्षण गर्दा नियममा व्यवस्था भए अनुसार उपभोक्ता समितिहरुले आफुले पाएको काम आफैं नगरि बिभिन्न निर्माण व्यवसायी तथा सप्लायर्सबाट गराइ ति व्यवसायीहरुबाट बिभिन्न सामान सप्लाइ गरेको भनि एक भन्दा धेरै बिजक जारि गर्ने गरेको तथा कतिपय निर्माण व्यवसायीहरुले निर्माण सामाग्रि सप्लाइ गर्ने अनुमति लिएको छ वा छैन यकिन नभएको अवस्थामा उपभोक्ताहरुले निर्माण काम स्वयम आफैं गरेको पाइएन । यस सम्बन्धि केहि उदाहरणहरु निम्नानुसार रहेका छन ।

उपभोक्ता समितिको नामा र काम	गो भौ नं र मिति	भुक्तानि रकम	प्राबिधिक मूल्यांकन रकम	निर्माण व्यवसायीको नाम	निर्माण व्यवसायीलाइ भुक्तानि रकम
कन्वाताल मर्मत तथा संरक्षण समिति वडा नं ३ उ स	४५०।०७९।३।२४	१००००००	१२६९८२६	हमाल बिल्डर्स बैजनाथ ३	१३३८८११
कन्या थारुको घरदेखि निमनगर हुदै गा पा रामपुर जोड्ने सडक ग्राभेल उ स	१८८।०७८।१२।२०	९६१३८८	११३१५३२	जवाहिर खान ट्रेड एण्ड सप्लायर्स खजुराबाट मेशिनबाट नालि खनेको, माटो पटान र ग्राभेल गरेको बिजक जारि गरेको	९९७४००
एल बि चोकदेखि थारु संग्रालय सडक स्तरोन्नति उ स	१४३।०७८।११।२६	६९६३९४	७४१२८०	हमाल बिल्डर्स बैजनाथ ३	४३४९३६
वडा नं २ सडक स्तरोन्नति कलवर्ट	४२१।०७९।३।२२	१६३७०००	१९६६९०५	भुपेन्द्र निर्माण सेवा	२०५६६०

निर्माण उ स					
इमिलिटोल पिच बाटोदेखि दक्षिण सडक ग्राभेल	१८३।०७८।१२।१७	९६१३९५	११६५८७६	एच बि पि कन्स्ट्रक्सन	१३९१६३५
कडेलपुर सडक ग्राभेल नि उ स	११३।०७८।११।२२	८८००००	१०४३५०५	हार्दिका निर्माण सेवा खजुरा ४	२२०४३१
वडा नं ५ एच गाउँदेखि पश्चिम वडा नं ८ जोड्ने सडक ग्राभेल	१९३।०७८।१२।२०	५८४३२६	६९४८४१	शिशु निर्माण सेवा बैजनाथ ६	५६०१२९

६६			**शैल्वा बिहारी लाल थारुको चोकदेखि दक्षिण चोकपूर्व खडक उ स लाइ बढि भुक्तानि** **शैल्वा बिहारी लाल थारुको घरदेखि गुनापुर सडक उपभोक्तालाइ बढि भुक्तानि** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण काम गर्न स्विकृत नर्मर्स,दररेट, र निर्माणस्थलमा उपलब्ध श्रोत साधनको उपलब्धताको आधारमा लागत अनुमान तयार गर्नुपर्ने, नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने उल्लेख छ। यस पालिकाको वडा नं २ को शैल्वा बिहारी लाल थारुको चोकदेखि दक्षिण चोकपूर्व खडक बहादुर रानाको घर हुदै गुनापुर फिएल्ड पानी ट्यांकि देखि कलामपुर ने रा प्रा बि स्कुलसम्म सडक स्तरोन्नति उपभोक्ता समितिले सडको काम गर्नको लागि उपभोक्ता समितिले १३.१० प्रतिशत व्यहोर्ने गरि कुल रु ८०५५६९।०० को लागत अनुमान तयार गरि प्राबिधिक मूल्यांकन रु ७३६५३५।०० भइ उपभोक्तालाइ गो भौ नं २१३।०७८।१२।२८ बाट रु ६३०९६६।०० भुक्तानि दिएको पाइयो। आइटम नं ७ मा माटो काटिङ्गबाट ४९६ घ मि माटो प्राप्त भएकोले प्राप्त माटो सोहि स्थानमा आबाश्यक ठाउँ राखि माटो खरिद बाहेक माटो पटानको लागि लाग्ने अन्य दर समाबेश गरि लागत अनुमानमा समाबेश गर्नुपर्नेमा आइटम नं ३ मा माटो पटान काम वापत ९९ घ मि को रु ५३२।०० ले भुक्तानि दिएकोले माटो पटान गरेको ९९ घ मि को माटो खरिदको दर रु ३५०।०० ले उपभोक्ताको योगदान कट्टा गरी रु ३०११०।०० असुल हुनुपर्ने रु...........	३०,११०
६७			**उपभोक्ता समितिले रितपूर्वकको बिजक पेश नभएको** **उपभोक्ताले रितपूर्वकको बिजक पेश नगरेको :** आयकर ऐन २०५८ तथा उपभोक्ता समिति समितिसँग गरिएको सम्झौता अनुसार उपभोक्ताहरुले सामाग्रि खरिद गर्दा स्थायी लेखा नं तथा रु २० हजार भन्दा बढि मूल्यको सामाग्रि खरिद गर्दा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र लिएका व्यक्ति वा फर्मबाट खरिद गर्नुपर्ने तथा खरिद गरेको बिलमा आयकर ऐन अनुसारको दरमा कर कट्टा गर्ने उल्लेख छ। पालिकाको वडा नं ५ कन्या थारुको घरदेखि निमनगर हुँदै गा पा रामपुर जोड्ने सडक ग्राभेल गरि प्राबिधिक मूल्यांकन रु ११३१५३१।०० भइ उपभोक्ता समितिलाइ गो भौ नं १८८।२०७८।१२।२० बाट रु ९६१३८८।०० भुक्तानि भएको र उपभोक्ता समितिले सो काम गर्ने जवाहिर खान ट्रेड एण्ड सप्लायर्स खजुरा वडा नं ८ बाँकेको २ वटा पान बिल वापत रु ९९७४००।०० पेश गरेको देखियो। मूल्य अभिबृद्धि कर ऐन नियमावली तथा प्रचलित कानून अनुसार रु २००००।०० भन्दा बढिको कारोबार मू अ कर दर्ता भएकोसँग गर्नुपर्नेमा उपभोक्ता समितिले सो बिपरित रु ९९७४००।०० को पान बिजक पेश गरेकोमा पालिकाले सो पान बिलमा १५ प्रतिशतले हुने रु १४९६१०।०० अग्रिम कर कट्टा गर्नुपर्नेमा रु ८८५३५।०० मात्र कट्टा गरेकोले नपुग रु ६१०७५।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु..........................	६१,०७५
६८			**उपभोक्ता समितिले निर्माण काम नगरेको** **उपभोक्ता समितिले निर्माण काम नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैंले तोकिएको समयमा सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यावसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन। कुनै कारणवश सो समितिले आफैंले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाइ दिनुपर्ने तथा सार्वजनिक निकायले सो सम्बन्धमा जाँचबुझ गरि उपभोक्ता समितिसँग भएको सम्झौता तोडि बाँकि काम ऐन र यस नियमावली बमोजिम गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समितहरुबाट निर्माण काम गराउदा नियममा व्यवस्था भए अनुसार तोकिएको समयमा काम सम्पन्न गराउनुपर्ने यदि नगरेमा नियमानुसार सम्झौता तोडि नियमानुसार गराउनु पर्दछ। उपभोक्ता समितिहरुलाइ सम्झौतामा पेश्कि दिने स्पष्ट व्यवस्था नभएको अवस्थामा पेश्कि दिएकोमा सम्झौतामा तोकिएको समयमा काम नगरेको भएतापनि पालिकाले नियममा व्यवस्था भए अनुसार उपभोक्ता समितिलाइ आवाश्यक कारवाहि गरेको देखिएन। पालिकाको वडा नं ८ को पिपरि स्कुलदेखि उत्तर पिपरि गाउँ सडक ग्राभेल गर्न बजेट रु ५०००००।०० भए अनुसार उपभोक्ता समितिको योगदान समेत कुल रु ५८८७३८।०० को लागत अनुमान तयार गरि मिति २०७८।१२।२० सम्म सम्पन्न गर्ने गरि मिति २०७८।११।३ गतर् सम्झौता भइ गो भौ नं १७०।२०७८।१२।११ बाट रु १०००००।०० पेश्कि दिएकोमा सो समितिले निर्माण काम नगरेको	१००,०००

			र पेश्कि बाँकि देखिएकोले नियमानुसार व्याज समेत असुल उपर हुनुपर्ने रु......	
६९			**उपभोक्ता समिति मार्फत खरिद** **उपभोक्ता समिती मार्फत खरिद** M— सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्वेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राहि समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राहि समूहबाट निर्माण काम गराउन सक्ने प्रावधान रहेको छ। पालिकाको वडा नं ६ सम्झना बजारचोकमा हाइमास्ट बत्ति खरिद तथा जडान गर्ने कामको लागि उपभोक्ता समितिको ७ प्रतिशत योगदान समेत कुल लागत अनुमान रु ११८४४०९।०० भइ उपभोक्ता समिति मार्फत खरिद र जडान वापत प्राबिधिक मूल्यांकन रु ११८४१०९।०० भएकोमा गो भौ नं ३६३।२०७९।३।१३ बाट रु ११०००००।०० भुक्तानि दिएको छ। उपभोक्ता समितिले काठमाडौं इनर्जि ग्रुप प्रा लि नेपालगंजबाट खरिद तथा जडान समेतको रु ९९९४९९।० समेत इट्टा,सिमेन्ट र डोर हाजिर समेत कुल रु ११९८४०८।०० को बिल पेश भएको भएतापनि ति सामाग्रिहरु प्रयोग भएको प्राबिधिक मूल्यांकन पेश भएको छैन भने सो सप्लायर्सले डेलिभरि तथा जडान गरिदिएकोले अन्य सामाग्रिहरु जडान कार्यको लागि आवाश्यक हो होइन तथा पेश भएको डोर हाजिरमा उपस्थित ज्यामिहरु वास्तबिक रुपमा काम गरेका हो वा होइन यकिन हुन सकिएन। उपभोक्ता समितिले यसरी ऐनमा व्यवस्था भए बमोजिम उपभोक्ताको श्रम सिप प्रयोग नहुने र उपभोक्ता समितिले ति बत्ति काठमाडौं इनर्जि ग्रुप प्रा लि नेपालगंजबाट खरिद तथा जडान समेतको रु ९९९४९९।०० को बिल पेश गरेको र उपभोक्ताले खरिद तथा जडानको काम अन्य सप्लायर्सबाट गराएको अवस्थामा पालिकाले उपभोक्ताबाट गराउनु नियमसम्मत देखिएन। यस पालिकाबाट उपभोक्ता मार्फत गराइएका अन्य उपभोक्ता समितिहरुको जनश्रमदान १५ प्रतिशत रहेकोमा यस उपभोक्ताबाट ७ प्रतिशत मात्र गराएकोले रु ९९९५००।०० प्राबिधिक मूल्यांकन भए अनुसार नपुग ८ प्रतिशतले हुने रु ७९९६०।०० समेत बढि भुक्तानि भएको समेत कुल रु २५०४२५।०० असुल हुनुपर्ने रु..........	२५०,४२५
७०			**निर्माण सामाग्रि खरिद तथा बितरण गरेकोमा कार्यसम्पन्न प्रतिबेदन पेश नभएको** **सिधै निर्माण सामाग्रि खरिद गरेकोमा जडान भएको प्राबिधिक मूल्यांकन पेश नभएको:-**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा ५ लाखरुपैंयासम्म लागत अनुमान भएको खरिद कार्य सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको खरिद प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्ने व्यवस्था रहेकोमा**पालिकाले यस वर्ष देहाय अनुसार बिभिन्न साइजका हयूम** पाइप तथा बिद्युत तारपोल प्रतिस्पर्धा बिना सिधैं खरिद गरेको रु ५१९९१८१।०० ति निर्माण सामाग्रिहरु जडान भएको प्राबिधिक मूल्यांकन पेश हुनुपर्ने अन्य दफामा समाबेश भएको रकम रु ३५३३८४।०० समायोजन गरि बाँकि रकम रु ४८४५७९७।०० को प्रमाण पेश हुनुपर्ने रु	४,८४५,७९७

गो भौ नं	भुक्तानि रकम	सप्लायर्सको नाम र ठेगाना	हयूम पाइप परिमाण	बिद्युत तार पोल परिमाण	ढुवानि भुक्तानि रकम	जिल्ला दररेट अनुसार हुने ढुवानि रकम	ढुवानीमा बढि भुक्तानि रकम
१७२।२०७८।१२।११	४९५६७१	ग्रिन प्रिकाष्ट कोहलपुर	बिभिन्न साइजका २८ वटा	०	३९८७६	२१९२८	१७९४८
१७५	४९९१८२	ग्रिन प्रिकाष्ट कोहलपुर	बिभिन्न साइजका २५ वटा	०	४४१७५	१९७४८	२४४२७
१६५	४७२८४५	सिद्धबाबा ट्रेड एण्ड सप्लायर्स नेपालगंज	बिभिन्न साइजका १६ वटा	पोल ३ वटा	६२७६७	२८९८७	३३७८०
५६	४८१४७८	बागेश्वरी हयूम पाइप एण्ड बिद्युत पोल प्रा लि कोहलपुर	बिभिन्न साइजका २२ वटा	पोल ७ वटा	६३९१३	२०३७७	४३५३६

१६३	४८३३२६	सालिना एण्ड सरिता सप्लायर्स कोहलपुर	बिभिन्न साइजका २० वटा	पोल २ वटा	६२१५८	२०४५५	४३७०३
२०४	४९७९८९	ग्रिन प्रिकाष्ट कोहलपुर	बिभिन्न साइजका २६ वटा	०	४४०६९	२२०३३	२२०३६
३११	४८५४५९	सि एस ट्रेडर्स एण्ड सि एस ट्रेड सप्लायर्स	बिभिन्न साइजका १८ वटा	बिद्युत पोल १९ वटा	६४४४१	०	०
३०२	४६४८६२	स्पन्दन ट्रेड एण्ड सप्लायर्स कोहलपुर	बिभिन्न साइजका १३ वटा	बिद्युत पोल २१ वटा	६१७०७	२००६५	४१६४२
२६५	४४७९५९	आसा ट्रेड एण्ड सप्लायर्स नेपालगंज	बिभिन्न साइजका २७ वटा	०	५९४६३	२८९६३	३०५००
२६५	४५३४३४	बास्ताकोटि सप्लायर्स कोहलपुर	बिभिन्न साइजका १५ वटा	बिद्युत पोल १८ वटा	६०२६२	२०१५३	४०१०९
५७	४१६९७६	न्यू बागेश्वरी हयूम पाइप कोहलपुर	बिभिन्न साइजका १४ वटा	बिद्युत पोल १७ वटा	५५३५०	१७६४७	३७७०३
जम्मा	५१९९१८१				६१८१८१		३५३३८४

७१

हयूमपाइप तथा बिद्युततार पोल ढुवानीमा बढि भुक्तानि

३३५,३८४

हयूम पाइप तथा बिद्युत पोल ढुवानिमा बढि भुक्तानि :-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण काम गर्न स्विकृत नमर्स**,**दररेट र निर्माणस्थलमा उपलब्ध श्रोत साधनको उपलब्धताको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। देहायमा उल्लेखित तालिका अनुसार पालिकाले हयूम पाइप तथा बिद्युत तारपोल खरिद गर्दा जिल्ला दररेट अनुसारको दरले भुक्तानि नगरि सो भन्दा बढि हुने गरि ढुवानिमा कोहलपुरबाट १० प्रतिशत र १५ प्रतिशत**,** नेपालगंजबाट १५ प्रतिशत र सुर्खेतबाट १५ प्रतिशतले हुने रकम ढुवानी वापत भुक्तानि दिएको पाइयो। साथै ति निर्माण सामाग्रि पालिकाको नजिक कोहलपुरमा पाइने अवस्थामा सुर्खेत र नेपालगंजबाट खरिद गरेको कारण पालिकालाइ बढि व्ययभार पर्न गएको छ। तसर्थ पालिकाले हयूम पाइप तथा बिद्युत तारपोल खरिद गर्दा जिल्ला दररेट भन्दा रु ३५३३८४|०० बढि भुक्तानि भएको सम्बन्धितबाट असुल हुनुपर्ने रु........

गो भौ नं	भुक्तानि रकम	सप्लायर्सको नाम र ठेगाना	हयूम पाइप परिमाण	बिद्युत तार पोल परिमाण	ढुवानि भुक्तानि रकम	जिल्ला दररेट अनुसार हुने ढुवानि रकम	ढुवानीमा बढि भुक्तानि रकम
१७२|२०७८|१२|११	४९५६७१	ग्रिन प्रिकाष्ट कोहलपुर	बिभिन्न साइजका २८ वटा	०	३९८७६	२१९२८	१७९४८
१७५	४९९१८२	ग्रिन प्रिकाष्ट कोहलपुर	बिभिन्न साइजका २५ वटा	०	४४१७५	१९७४८	२४४२७
१६५	४७२८४५	सिद्धबाबा ट्रेड एण्ड	बिभिन्न साइजका १६	पोल ३ वटा	६२७६७	२८९८७	३३७८०

		सप्लायर्स नेपालगंज	वटा				
५६	४८१४७८	बागेश्वरी हयूम पाइप एण्ड बिद्युत पोल प्रा लि कोहलपुर	बिभिन्न साइजका २२ वटा	पोल ७ वटा	६३९१३	२०३७७	४३५३६
१६३	४८३३२६	सालिना एण्ड सरिता सप्लायर्स कोहलपुर	बिभिन्न साइजका २० वटा	पोल २ वटा	६२१५८	२०४५५	४३७०३
२०४	४९७९८९	ग्रिन प्रिकाष्ट कोहलपुर	बिभिन्न साइजका २६ वटा	०	४४०६९	२२०३३	२२०३६
३११	४८५४५९	सि एस ट्रेडर्स एण्ड सि एस ट्रेड सप्लायर्स	बिभिन्न साइजका १८ वटा	बिद्युत पोल १९ वटा	६४४४१	०	०
३०२	४६४८६२	स्पन्दन ट्रेड एण्ड सप्लायर्स कोहलपुर	बिभिन्न साइजका १३ वटा	बिद्युत पोल २१ वटा	६१७०७	२००६५	४१६४२
२६५	४४७९५९	आसा ट्रेड एण्ड सप्लायर्स नेपालगंज	बिभिन्न साइजका २७ वटा	०	५९४६३	२८९६३	३०५००
२६५	४५३४३४	बास्ताकोटि सप्लायर्स कोहलपुर	बिभिन्न साइजका १५ वटा	बिद्युत पोल १८ वटा	६०२६२	२०१५३	४०१०९
५७	४१६९७६	न्यू बागेश्वरी हयूम पाइप कोहलपुर	बिभिन्न साइजका १४ वटा	बिद्युत पोल १७ वटा	५५३५०	१७६४७	३७७०३
जम्मा	५१९९१८१				६१८१८१		३३५३८४

७२			**सिधैं निर्माण काम गराएको** **सिधै निर्माण कार्य गराएको:-**सार्वजनिक खरिद ऐन २०६३को दफा ८(२) मा सार्वजनिक निकायले निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी निर्माण काम गर्न नहुने उल्लेख छ। यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा ५ लाख तथा नियमावलीको एघारौं संशोधन मिति २०७८।१२।३ देखि १० लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको निर्माण कार्य प्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट प्राप्त बिबरण अनुसार पालिकाले बिभिन्न निर्माण काम ८१ पटक बिभिन्न निर्माण व्यवसायीबाट गराई रु ४१२८४७४९।०० र निर्माण सामाग्रि ११ पटक खरिद गरि रु ५१९९१८१।०० गरि सिधैं निर्माण तथा खरिद वापत कुल रु ४६४८३९३०।००भुक्तानी दिएको छ। पालिकाले योजनाहरु कार्यान्वयन गराउँदा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार वार्षिक खरिद योजना तयार गरी निर्माण कामलाइ प्याकेज बनाइ लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा गराएको अवस्थामा निर्माण काम गुणस्तरिय तथा मितव्ययि रुपमा गराउनेतर्फ ध्यान दिएको पाइएन । पालिकाले केहि स्थानहरुमा ठेक्का तथा सिलबन्दि कोटेशनबाट निर्माण काम भइरहेको स्थानमा ठेक्काबाट काम गरिरहेको निर्माण व्यवसायी वा अन्य निर्माण व्यवसायीबाट निर्माण काम गराएकोले काममा दोहोरोपना हुन सक्नुको साथै सोहि काम सोही स्थानमा प्रतिस्पर्धाको दररेट भन्दा बढि दरमा कोटेशन मार्फत गराउदाँ पालिकालाइ बढि व्ययभार पर्न गएको समेत पाइएकोले यस कार्यमा नियन्त्रण हुनुपर्दछ। कार्यालयबाट नियममा व्यवस्था भएको प्राबधान विपरित निर्माण कामलाइ प्याकेज बनाउन सकिनेमा सो नगरेको एवम एउटै निर्माण व्यवसायीहरुबाट एक पटक भन्दा धैरै पटक निर्माण काम गराएको हुनाले निर्माण तथा खरिद कार्य गराउदाँ प्रतिस्पर्धात्मक रुपमा मितव्ययि किसिमले निर्माण काम गराउन सकिनेमा सो अनुसार नगरि निर्माण काम सोझै गराएको नियमसम्मत नभएको रु..	१८,२४९,००२

गो भौ नं र मिति	भुक्तानि रकम	निर्माण व्यवसायीको नाम	काम र स्थान
४२८।२०७९।१।८	४९६१६१	एल.एम.पी कन्ट्रक्सन बैजनाथ ४ बाँके	वडा न ४ को वडा कार्यालमा गाडी पार्किडका लागि ट्रस निर्माण कार्य
९।२०७९।३।२३	६४१०६१	एल.एम.पी कन्ट्रक्सन बैजनाथ ४ बाँके	वडा न ४ को वडा कार्यालको उत्तर तर्फ ग्याविन जाली वाल निर्माण
१३८।२०७८।११।२६	४२९३७७	एल.एम.पी.कन्ट्क्सन बैजनाथ ४ बाँक	वडा न ३ को नौवस्ता गाउँ देखि पुल्चोक जाने वाट ोमा ग्याबिन तारजाली माटो पटान र ग्राभेल राख्ने कार्य तेश्रो खण्ड
२८४।२०७९।२।३	४९४४८७	एल.एम.पि. कन्ट्क्सन बैजनाथ ४ बाँक	वडा न ३ को कहसिंह थापाको घरदेखि नुनेडाँडासम्मको बाटोमा , ग्राभेल , रोलर सहित सडक स्तरउन्नत गन
२५५।२०७९।१।१५	५६४०३२	एल.एम.पी.कन्स्ट्रक्सन बैजनाथ ४ बाँके	41/078/79 Road Upgrading From Hasanapur School gate dekhi Samjhana Bazar Jodne bato Road Work,Baijanath-08,Hasanapur to Parbatipur ,banke बाँकी सडक स्तरउन्नत
२७४।२०७९।३।२	५८०५६८	एल एम.पी कन्ट्क्सन बैजनाथ ४ बाँके	36 n Blacktopped Road From Sangam Chok To Prabhat Ma.Vi. Link Road Works (3rd Parts)Baijanath-05,G-gau,Banke
२६५।२०७९।३।३२	९९१७१२	एल एम.पी कन्ट्क्सन बैजनाथ ४ बाँके.	वडा नं वडा नं ४ को आधारभुत स्वास्थ्य केन्द्रको पुर्वतफको पर्खाल निर्माण
२०१।२०७९।३।१५	५७६९९२	एल एम.पी कन्ट्क्सन बैजनाथ ४ बाँके.	वडा नं ४ को आधारभुत स्वास्थ्य केन्द्रको पेटी निर्माण र अन्य निर्माण कार्यका
१७४।२०७८।१२।१३	४९७२७५	एल .एम.पी कन्ट्क्सन	१ नं देखि ४ नं सम्म विभिन्न स्थानमा सडकहरुमा ग्राभेल राख्ने कार्य
२८८।२०७९।२।५	४११४७९	जे.आर कन्स्ट्रक्सन बैजनाथ १ बाँके	वडा नं ८ BRM/NCB/WORKS/26-078/79 Construction Of Blacktopped Road Hasanapur to Thapuwa Jane Bato Road Works(2nd Parts),Baijanath-08,Hasanapur,Banke बाँकी थप सडक कालो पत्रे
२८३।२०७९।२।३	४९५२४६	जे आर. कन्ट्क्सन बैजनाथ १ बाँक	वडा न ३ ज्ञवाली टोल देखि होमपाईप सम्मको वाटोमा खाल्डाखुल्डी भएको बाटोमा , ग्राभेल , रोलर सहित सडक स्तरउन्नत
२६९।२०७९।१।२१	८०४०३७	जे.आर. कन्स्ट्रक्सन बैजनाथ १ बाँके	BRM/NCB/WORKS/31/078/79 01,Chisapani,Banke बाँकी स्तरउन्नत , होमपाईप , कल्भर्टको पंखा निर्माण , पक्कीवाल निर्माण
२८६।२०७९।२।३	४९६२११	जे आर. कन्ट्क्सन बैजनाथ १ बाँक	वडा न १ को रारावस्ती पिच देखि कल्भर्ट सम्म र पानीटंकीको पुल देखिको दलित वस्ती जानेवाटोहरुमा बाटो बिग्री े वाटोमा खाल्डाखुल्डी भएको उक्त वाटोमा ग्राभेल सडक

			स्तरउन्नत गर्ने कार्य
४२४।२०७९।३।२	४९८३३५	जे आर कन्टक्सन बैजनाथ १ बाँके	वडा न १ नजजागरण स्कुल भित्र खोपकेन्द्र निर्माण
४११।२०७९।३।२१	१९७७६०	जे आर कन्ट्रक्सन बैजनाथ १ बाँके	23 n Construction Of Blacktopped Road With RCC Drain Chisapani Rara Basti Road works(2nd Parts),Baijanath-01,Chisapani,Bank दोश्रो खण्डको नाली खन्ने काम र सडक कालो पत्रे स्टेमेटमा
४६०।२०७९।३।२४	७९८२२८	जे आर .कन्टक्सन	32 n Ward-02, Makaibari Road Work,Baijanath-02,Makaibari,Bankeबाँकी थप सडक ग्राभेल गरी स्तरउन्नत
४६४।२०७९।३।२५	५८६७९२	जे.आर.कन्टक्सन बैजनाथ १ बाँके	30 n laxmi shaha ko ghar dekhi Thapa Ko Ghar dekhi Mankhola Samma Road Work,Baijanath-01,Chisapani,Banke बाँकी थप सडक ग्राभेल गरी स्तरउन्नत
१०४।२०७८।१०।२५	४९८०४७	श्रेयस कन्टक्सन प्रा.लि कोहलपुर २ बाँक	चिसापनी स्वास्थ्य चौकी चिसापानी बाँकेको नव निर्मित भवनको हाता भित्रको फिल्डमा माटो ब्रिक राख्नु राख्ने कार्य
३७३।२०७९।३।१५	९९४२९७	श्रेयस कन्ट्रक्सन प्रा.लि.कोहलपुर २ बाँके	प्रशासकिय भवन अगाडी माटो पटान, रोलर सहित ग्राभेल गर्ने गर्ने योजना निर्माण
४३२।२०७९।३।२३	९९६३१३	श्रेयस कन्ट्रक्सन प्रा.लि.कोहलपुर २ बाँक	प्रशासकिय भवन अगाडी गाडी पार्किंग ट्रस निर्माण
२६८	९९०३६२	श्रेयस कन्स्ट्रक्सन कोहलपुर २ बाँके	वडा नं ६ को आधारभुत स्वास्थ्य केन्द्रको भवन वरिपरि पर्खाल निर्माणे
३६८।२०७९।३।१४	७७०६१४	श्रेयस कन्ट्रक्सन प्रा.लि.कोहलपुर २ बाके	27 n Titihiriya,Bargadhai To Gurudayalpur Samma Works,Baijanath-08,Bargadahi,Banke
१४८	४९७१०१	बि.एल.एन . कन्टक्सन बैजनाथ २ बाँक	वडा न ३ को नौवस्ता गाउँ देखि पुल्चोक जाने वाटे जेटीनाला पुल्चोक नजिके सडको दोश्रो खण्डमा ग्याबिन तारजाली राख्ने कार्य
४५६।२०७९।३।२४	३८११७४	बि.एल.एन. कन्स्ट्रक्सन प्रा.लि. बैजनाथ २ बाँके	पिच सडक देखि पश्चिमजाने बाटोको सडक वडा न २ , ५ को सिमाना ग्राभेल
४५४।२०७९।३।२४	८३८७५५	बि.एल.एन. कन्स्ट्रक्सन प्रा.लि. बैजनाथ २ बाँके	वडा नं ५ को छमनिया स्कुल बोरिगं चोक सम्मको सडक स्तरउन्नत
२०९।२०७८।१२।२५	४९०१४५	बि.एल.एन. कन्स्ट्रक्सन प्रा.लि.	Blacktoped Road From Ratna Rajmarg Dekhi

		बैजनाथ २ बाँके	Bagashwori Ma. Vi School Jane Bato (2nd parts)Baijanath-03,Gavar,Banke yk ;8s lkr 34 n Bagashwori Ma. Vi School Jane Bato (2nd parts)Baijanath-03,Gavar,Bank सडक पिच
२७५।२०७९।१।२३	६५८४९१	बि.एल.एन. कन्स्ट्रक्सन प्रा.लि. बैजनाथ २ बाँके	33 n Bairawha Chowk Dekhi Birthing Centre Hudai Naubasta Jodne Bato Road Work(2nd Parts),Baijanath-03,Bairawha,Bankeसडक पिच
२७७।२०७९।१।२३	५८४५५९	बि.एल.एन. कन्स्ट्रक्सन प्रा.लि. बैजनाथ २ बाँके	Sangam Chok To Prabhat Ma.Vi. Link Road Works (3rd Parts)Baijanath-05,G-gau,Bankeसडक पिच
३४३।२०७९।३।२	४९३९९५	बि.एल.एन. कन्स्ट्रक्सन प्रा.लि. बैजनाथ २ बाँके	वडानं २ र ३ को वनखेत, गोबिन्दटोल , कारागार लाईन , च्यामा देखि डिगीया सम्मको बिभिन्न खण्डमा खाल्डाखुल्डीमा ग्राभेल कार्य
१९०।२०७९।३।१३	४९५३९६	बि.एल.एन. कन्स्ट्रक्सन प्रा.लि. बैजनाथ २ बाँके	वडा नं वडा नं २ को आधारभुत स्वास्थ्य केन्द्रको पेटी निर्माण र अन्य निर्माण कार्य
जम्मा	१८२४९००२		

७३			**सिद्धपुरी उपभोक्ता समितिबाट घेराबार** **सिद्धपुरी उपभोक्ता समितिबाट घेराबार** M—सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा मुख्य उद्धेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राहि समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राहि समूहबाट निर्माण काम गराउन सक्ने प्रावधान रहेको छ। पालिकाको वडा नं १ मा पर्ने चिसापानीमा मेषजालि घराबार गर्नको लागि धनभक्ता बुढा अध्यक्ष रहेको उपभोक्ता समितिको योगदान ५.३३ प्रतिशत समेत कुल रु ९१३६८२।०० को लागत अनुमान तयार गरि मिति २०७८।१०।२० मा सम्झौता भइ निर्माण कामको प्राबिधिक मूल्यांकन रु ७५३०९०।०० भए अनुसार गो भौ नं ४४४।२०७९।३।२४ बाट रु ७०४८००।०० भुक्तानि भएको पाइयो। उक्त कामको लागि सोहि उपभोक्ता समितिबाट काम गराउनको लागि बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय ठाकुरद्वारा बर्दियाबाट मेषजालि सहितको तारबारको काम गर्न रु ९६७८६९।०० को लागत अनुमान तयार गरि मिति २०७८।७।१४ मा सम्झौता गरि धनभक्त बुढा अध्यक्ष रहेको उपभोक्ता समितसँग सम्झौता गरेको देखिएकोले निकुञ्ज कार्यालय र पालिकाबिच सो काम गर्ने सम्बन्धमा पत्राचार तथा संयुक्त लागत अनुमान तयार गरि त्रिपक्षिय सम्झौता नगरेको कारण समान प्रकृतिको काम दुइ निकायबाट एउटै उपभोक्ता समितिलाइ गर्न दिएको कारण काममा दोहोरोपना हुन सक्ने तर्फ पालिकाले निकुञ्जसँग समन्वय गरेको देखिएन। तसर्थ पालिकाले भन्दा निकुञ्जले सो उपभोक्ता समितिसँग काम गराउनको लागि पहिल्यै सम्झौता गरेको देखिएकोले पालिकाबाट भएको लगानीको दोहोरोपना हुन सक्ने हुनाले यस बिषयमा पालिकाल फिल्ड निरिक्षण गरि वास्तविकता यकिन गरि आवाश्यक कारवाहि गर्नु गराउनु पर्दछ। साथै यस पालिकाबाट उपभोक्ता मार्फत गराइएका अन्य उपभोक्ता समितिहरुको जनश्रमदान १५ प्रतिशत रहेकोमा यस उपभोक्ताबाट ५.३३ प्रतिशत मात्र गराएकोले रु ७५३०९०।०० प्राबिधिक मूल्यांकन भए अनुसार नपुग ९.६७ प्रतिशतले हुने रु ७२८२३।०० नपुग जनश्रमदान असुल हुनुपर्ने रु..........	७२,८२३
७४			**उपभोक्ता समितिबाट निर्माण काम भएको सम्बन्धमा** **उपभोक्ता समिति मार्फत कार्य** **उपभोक्ता समिति दर्ता—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा यसरी कार्य गर्न गठन भएका	

			उपभोक्तासमितिऐनकोउक्तव्यवस्थाअनुसारदर्ताभएकोपाइएन।त्यस्तासमितिहरुस्थानीयस्तरमासञ्चालितआयोजनाकोनिर्माणगर्नअस्थायीरुपमागठनहुनेरकार्यसम्पन्नपश्चात्समितिविघटनहुनेहुँदानिर्माणकार्यसम्पन्नभएकाआयोजनासञ्चालनतथामर्मत सम्भारमातीसमितिलाईजिम्मेवारबनाउनकठिनाइहुनेरत्यस्तासमितिहरुलेआयव्यकोलेखापरीक्षणसमेतनगराउनेभएकोलेस्थायीसंयन्त्रमार्फत्कामगर्ने, गराउनेगरीसुधारहुनुपर्दछ। पालिकाबाट पेश भएको बिबरण अनुसार नमूना छनौटको आधारमा परिक्षण गर्दा उपभोक्ता समिति मार्फत भएको कामको सम्बन्धमा देहाय अनुसार देखिएको छ। (१) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट काम गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायहरु उपस्थित भई आम भेला गराई सो भेलाबाट उपभोक्तता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा अधिकांश उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा उपस्थित लाभग्रहिहरुको वडा नं तथा टोल र सम्पर्क फोन नंम्बर एवम केहि योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति नभएको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको देखिएन। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेको काम कारबाहिको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा नियममा भएको व्यवस्था बमोजिम गरेको पाइएन। (२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए मश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट सञ्चालित योजनाहरुको नियममा व्यवस्था भए बमोजिम निर्माण काम सम्पन्न भए पश्चात ति योजनाहरु उपभोक्ताहरुलाइ हस्तान्त्रण नभएको र सम्पन्न योजनाहरुको अभिलेख नराखेको तथा कतिपय योजनाहरुको अनुगमन नभएको अनुगमन भएका योजनाहरुको अनुगमन प्रतिबेदनमा अनुगमन मिति नखुलाएको अनुगमनको क्रममा देखिएका व्यहोराहरु उल्लेख नगरिएको तथा केहि योजनाहरुमा संयोजकको अनुपस्थितिमा अनुगमन गरेको पाइएकोले सञ्चालित योजनाहरु लागत अनुमान अनुसार गुणस्तरिय रुपमा र तोकिएको समयमा निर्माण काम भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन। (३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन बिल भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालन भएका योजनाहरु सम्पन्न भए पश्चातसो कामको लागि पेश भएका बिल भरपाइहरुमध्ये रितपूर्वकको बिजक पेश नगरि सामान्य भरपाइ पेश गरेको र ति भरपाइमा परिमाण,दररेट नखुलाइएको तथा ढुवानिको हकमा कहाँ देखि कहाँसम्म कति परिमाण र दररेटमा ढुवानि गरेको हो भरपाइमा नखुलाएको साथै उपभोक्ताले पेश गरेको डोर हाजिरमा खुलाउनुपर्ने सम्पूर्ण व्यहोरा नखुलाएको केहि डोर हाजिरमा रकम बितरण गर्नेको दस्तखत नभएको,कामदारको बाबुको नाम तथा ठेगाना नखुलाइएको, डोर हाजिर सिफारिस गर्नेको दस्तखत नभएको,प्रमाणित गर्नेको दस्तखत नभएको आदि कारण उपभोक्ता समितिबाट पेश भएका भरपाइ एवम डोर हाजिरमा उल्लेखित परिमाणको निर्माण सामाग्रि तथा कामदारहरु तत् योजनाहरु निर्माणको काममा वास्तबिक रुपमा खर्च भइ भुक्तानि भएको हो वा होइन यकिन हुन सकिएन। साथै उपभोक्ता समितिहरुले नियममा व्यवस्था भए अनुसार खर्च भएको बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु उपभोक्ता समितिको बैठकबाट अनुमोदन गरि पेश गर्नुपर्ने सो समेत गरेको नदेखिएकोले नियममा भएको व्यवस्थाको परिपालना गरेको देखिएन। (४) बिभिन्न योजनाहरुको निर्माण काम गर्नको लागि गाउँपालिका र उपभोक्ता समितिबिच भएको सम्झौतामा उपभोक्ताहरुलाई पेश्कि दिने प्रावधान नभएको अवस्थामा समेत उपभोक्ताहरुलाइ पेश्कि उपलब्ध गराएको पाइयो। पालिकाले यस वर्ष टुक्रे साना योजनाहरु छनौट गरि उपभोक्ताबाट कार्यान्वयन गराएको पाइयो। उपभोक्ता समितिहरुबाट योजना कार्यान्वयन गराउँदा सम्झौता बिपरित उपभोक्ता समितिलाई पेश्कि दिएको नियमसम्मत नभएकोले पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ। (५) बिभिन्न योजनाहरुको निर्माण काम गर्नको लागि गाउँपालिका र उपभोक्ता समितिबिच भएको सम्झौतामा श्रममूलक प्रबिधिबाट कार्य गराउने गरि लागत अनुमान तयार गरि सम्झौता भएकोमा उपभोक्ता समितिहरुबाट मेशिनरी उपकरण प्रयोग गरि कार्य गरेको पाईएमा उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरि उपभोक्ता समितिलाई भुक्तानि गरिएको रकम मूल्यांकन गरि बढी भुक्तानि भएको रकम सरकारी बाँकि सरह उपभोक्ता समितिबाट असुल उपर गरिने व्यवस्था सम्झौतामा रहेकोमा बिभिन्न उपभोक्ता समितिबाट मेशिनरी ईक्विपमेन्ट प्रयोग गरि निर्माण काम गराएको कारण उपभोक्ता समितिलाई बढी भुक्तानि हुन गएको रकम पालिकाले यकिन गरि सम्झौता अनुसार असुल उपर गर्नुपर्ने देखिन्छ। (६) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन,औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रम र सिप अनुसार गर्नुपर्ने निर्माण काम मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समितिबाट जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।	
७५			**राजस्व अभिलेख** राजस्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सो को पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन यकीन गर्न सकिएन। कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा	

			विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।	
७६			**हेफर गैर सरकारी संस्थासँग बजेट भन्दा बढि रकममा सम्झौता गरेको** **बजेट भन्दा बढि भुक्तानि हुने गरि सम्झौता** पालिका र हेफर नेपालबिच प्रथम पटक मिति २०७६।९।२९ मा दुइ वर्षको लागि सम्झौता गर्दा आर्थिक वर्ष २०७७।७८ को लागि बजेट रु ७६७०००० रहेकोमा पालिकाले रु २८४८२५०।०० व्यहोर्ने र दोश्रो पटक मिति २०७८।३।७ मा मा दुइ वर्षको लागि सम्झौता गर्दा आर्थिक वर्ष २०७८।७९ को लागि बजेट रु १५००००००।०० रहेकोमा पालिकाले रु १८२३८६२५।०० व्यहोर्ने सम्झौता गरेको कारण आ ब २०७७।७८ मा रु १७८२५०।०० र आ ब २०७८।७९ मा रु ३२३८६२५।०० गरि जम्मा रु ३४१६८७५।०० बजेट भन्दा बढि पालिकाले व्यहोर्ने गरि सम्झौता गर्नु नियमसम्मत नभएको रु.......................................	३,४१६,८७५
७७			**अनुगमन भत्ताको भरपाइ पेश नभएको** **अनुदानको धानको बिउ बितरणमा अनुगमन भत्ताको भरपाइ पेश नभएको** बैजनाथ गाउँपालिकाको निर्देशिका संग्रह २०७८ तथा प्रचलित कानूनमा अनुदान बितरण गर्ने सिलसिलामा खाजा तथा खाना वापत भुक्तानि दिन मिल्ने देखिएन। पालिकाबाट संचालित अनुदानका कार्यक्रमहरुमध्ये धानको बिउ खरिद गरि बितरण गर्ने कार्यको लागि ढुवानि,खाजा तथा धान दिवसको खर्च वापत कृषि अधिकृत प्रमोद कुमार बिश्वकर्मा मार्फत गो भौ नं ५७।२०७९।३।२४ बाट रु २२१५००।०० खर्च लेखांकन गाउँसभाबाट बिनियोजन भएको अनुदान रकम सम्बन्धित लाभग्राहीहरुलाइ बितरण गर्नुपर्नेमा अनुगमन तथा खाजा खर्चमा भुक्तानि गर्न बैजनाथ गाउँपालिकाको निर्देशिका एवम प्रचलित कानून अनुसार मिल्ने देखिदैन। यसरि धानको बिउ बितरण कामको १० जनाले कम्तिमा २ देखि १६ पटकसम्म गरि ८० पटक अनुगमन गरेको जनाइ रु ८००००।०० समेत भुक्तानि भएकोमा अनुगमन भत्ता बुझिलिएको नदेखिएकोले भरपाइ पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु..............	८०,०००
७८			**प्रतिस्पर्धा बिना औषधि खरिद** **प्रतिस्पर्धा बिना औषधि खरदि:-**सार्वजनिक खरिद ऐन २०६३को दफा ८(२) मा सार्वजनिक निकायले औषधिखरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी गर्न नहुने उल्लेख छ। यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई नियम ११ मा औषधिको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तबिक दररेट, स्थानिय बजारमा प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारि गरेको दररेटहरुलाइ आधार मानि सबैभन्दा कम दररेट हुने गरि लागत अनुमान तयार गरिप्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा २० लाख तथा नियमावलीको एघारौं संशोधन मिति २०७८।१२।३ देखि २५ लाख रुपैंयासम्म लागत अनुमान भएको औषधि खरिद कार्य सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको औषधि खरिद कार्य प्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट प्राप्त बिबरण अनुसार तथा नमूना छनौटको आधारमा देहाय अनुसार औषधि रु को खरिद गरेकोमा प्रतिस्पर्धा बिना सिधैं खरिद गरेको कारण पालिकाले मितव्ययिता अपनाएको नदेखिएकोले नियमसम्मत नभएको रु....	९,००६,५५०

शिर्षकको नाम	गो भौ नं र मिति	रकम	बिबरण	सप्लायर्सको नाम
गा पा स्वास्थय पूँजिगत	२।०७८।६।१९	१५००००	स्वास्थ्य चौकि चिसापानीको ल्याव सामान	ग्लोबल साइन्टिफिक नेपालगंज
गा पा स्वास्थय पूँजिगत	१०।०७९।३।२४	१३९८३९५	बिभिन्न २९ प्रकारका औषधिहरु	ओसिएन फर्मा कोहलपुर
गा पा स्वास्थय पूँजिगत	६।०७९।१।२१	१९९६७१	बिभिन्न औषधि तथा औजारहरु	ओसिएन फर्मा कोहलपुर
गा पा चालु	२०।०७८।९।५	१९०९३८३	बिभन्न औषधिहरु	

गा पा चालु	६४।०७९।१।२१	१९९९१२८		
सशर्त चालु	१३।०७८।६।१४	१६०००००		
बिपद व्यवस्थापन कोष कोभिडतर्फ		१७४९९७३		
जम्मा		९००६५५०		

७९ **अनुदान रकमको अनुगमन र बितरण भरपाइ** ३५८,०५०

अनुदानको अनुगमन तथा बितरण भरपाइ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने एवमसार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। नमूना छनौटको आधारमा परीक्षण गर्दा ५० प्रतिशत देखि १०० प्रतिशतसम्म पालिकाले अनुदानमा धानको बिउ लगायत बितरण गरेकोमा कृषकहरुबाट व्यहोर्ने रकम पालिकामा बुझाउन लगाइ सप्लायर्सलाइ पालिकाले एकमुष्ट भुक्तानि गर्नुपर्नेमा कृषकहरुबाट व्यहोर्ने रकम कृषकहरुले सम्बन्धित सप्लायर्सहरुलाइ भुक्तानि गरेको जानकारि प्राप्त भएको छ। पालिकाबाट अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख तयार गरि राख्नुपर्नेमा सो नगरेको कारण अनुदान बितरणमा दुरुपयोग हुनबाट रोक्न सकिने तर्फ पालिकाले उचित ध्यान दिनुपर्दछ। यस वर्ष गाउँपालिका कृषि पूँजिगतबाट देहाय अनुसार अनुदान उपलब्ध गराएकोमा बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै पालिकाले अनदानमा उपलब्ध गराएको धानको बिउ लगायत खरिद गर्दा सार्वजनिक खरिद नियमावली अनुसार प्रतिस्पर्धा नगराइ सिधैं खरिद गरेको कारण नियमको परिपालना गरेको तथा अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन्। पालिकाले खरिद गरेको अनुदानबाट लाभग्राहिहरुलाइ बितरण गरेकोमा बितरण गरेको वडावाइज भरपाइको सारांश तयार नगरेको तथा जोडजम्मा नगरेको कारण खरिद गरेको सम्पूर्ण बितरण भएको छ छैन यकिन भन्न नसकिनुको साथै बितरण भरपाइमा बितरण गर्नेको दस्तखत, अनुदान प्राप्त गर्नेको भरपाइमा सम्पर्क नं उल्लेख नगरेको, बितरण गरेको मिति र स्थान तथा बितरण कसको रोहवरमा गरेको हो साक्षि समेत राखेको नदेखिएकोले बितरणलाइ थप प्रभावकारी गराउनको लागि पालिकाले उचित ध्यान दिनु पर्दछ। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

गो भौ नं र मिति	अनुदान रकम	अनुदानको प्रतिशत	अनुदान खर्च मध्ये खाजा खर्च	अनुदान खर्च मध्ये अनुगमन खर्च	सप्लायर्सको नाम र ठेगाना	बिबरण
५२।०७९।३।२१	९४९५४६	५०			सेञ्चुरी बहुउद्देश्यिय कृषि फर्म मधुवन न पा ६ बर्दिया	धानको बिउ राधा ४ १६३६३ के जि को रु ८९९९६५
					जयलक्ष्मि ट्रेडर्स मधुवन न पा वडा नं ८ कुसुम्बा बजार बर्दिया	बिउ राम धान बिउ ६४०० के जि को रु ४९९२००।०० र सावा सब ९ बिउ ६५७८ के जि को रु ४९९९२८।००
५७।०७९।३।२४	२२१५००		४००५०	८०००० बितरण भरपाइ पेश नभएकोले भरपाइ पेश गर्नुपर्ने	माथि खरिद गरिएका धान बिउ ढुवानि खर्च रु ४५०००।००	धान दिबसमा भएको बिबिध खर्च रु ५६४००।००
३।०७८।७।१०	५०००००	५०	१०५००	२६०००	साथि सिड क प्रा लि खजुरा वडा नं ३	बर्षिम घाँस १३०० के जि को रु ४४२०००।००
					सिद्धबाबा एग्रो प्रा लि बैजनाथ	बर्षिम घाँस १३०० के जि को रु

					वडा नं ६	४४२०००।००
६।०७८।८।५	२२८०००	५०			जि सेभेन एग्रिकल्चर प्रा लि ललितपुर	पलाष्टिक टनेल ९० पिसको रु ४४९९९९।००
१०।०७८।८।१५	६१५०००	१००	१७०००	३६०००	सुल्केरी पशुको स्याहार र पोषण १३६ पशु प्रति पशु रु ३०००।०० ले रु ४०८०००।००	पशुको मिनरल ब्लक ४० प्याकेटको रु ५६०००।००
११।०७८।८।१५	३५००००	१००	१०८००	२००००	कुँवर पोल्ट्री फर्म खजुरा वडा नं ३	कुखुरा चल्ला १०८० वटा, कुखुरा दाना र चल्ला ढुवानिको रु ३२१९००।००
२५।०७८।१२।४	१९५०३०	५०	१५०००	१००००	ध्रुब कृषि फार्म	च्याउ खेति कार्यक्रम बिजक रकम रु ३९००६०।००
२७।०७८।१२।१३	१९६९००	५०	१२९००	१६०००	थापा भेट फर्मा बैजनाथ वडा नं ५	वर्षे घाँसको बिउ १६२००० वटाको रु ३२४०००।००
१२।२०७८।८।१७	२२५१२९	५०		१५०००	शर्मा एग्रो सप्लायर्स कोहलपुर वडा नं ५ को बिजक रु ४५०२६०।००	तरकारी बिउ
१७।०७८।९।२९	२२४०००	५०	१६०००		ढकाल बाख्रा फार्म सुर्खेत को बिजक रु ४०८०००।००	बाख्रा फर्म सहयोग कार्यक्रम र ढुवानि खर्च रु २००००।००
५४।०७९।३।२१	४४९९९८	५०			ग्रिन गार्डेन कृषि फर्म ललितपुरको बिजक रु ४९९९९८।०० र शर्मा एग्रो सप्लायर्स कोहलपुरबाट रु ४४९९९९।००	तरकारी खेति बिकास कार्यक्रम
५५।०७९।३।२२	२९६०००	५०	२५०००	२३८००	खुशि फलफुल नर्सरी रौतहटबाट बिभिन्न प्रकारका बिरुवाहरु	फलफुल बिकास कार्यक्रम बिभिन्न फलफुलको रु ४७००००।००
जम्मा			१३१२५०	२२६८००		

यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।

अनुदान बितरणमा खाजा खर्च तथा अनुगमन भत्ता भुक्तानि बैजनाथ गाउँपालिकाको निर्देशिका संग्रह २०७८ तथा प्रचलित कानूनमा अनुदान बितरण गर्ने सिलसिलामा खाजा तथा खाना वापत भुक्तानि दिन मिल्ने देखिएन। पालिकाबाट संचालित अनुदानका कार्यक्रमहरुमध्ये केहि अनुदान कार्यक्रम संचालन गर्न बिनियोजित बजेट खर्च मापदण्डको लागि सम्बन्धित समितिले बिभिन्न कार्यक्रममा वाँडफाड गरि गा पा अध्यक्षले स्विकृत गरि कार्यक्रम संचालन गर्ने गरेकोमा केहि अनुदानका कार्यक्रमहरुको समितिबाट बाँडफाड तथा पालिका अध्यक्षबाट स्विकृत नगरि अनुदान कार्यक्रम संचालन गरेको देखियो। गाउँसभाबाट बिनियोजन भएको अनुदान रकम सम्बन्धित लाभग्राहीहरुलाइ बितरण गर्नुपर्नेमा माथि उल्लेखि बिभिन्न अनुदान कार्यक्रमहरुमा खाना तथा खाजामा रु १३१२५०।०० र अनुगमन भत्ता वापत रु २२६८००।०० भुक्तानि गरि खर्च गरेको देखिएकोले अनुदान बितरण गर्ने बजेटबाट चालु प्रकृतिको खर्च गर्नु औचित्यपूर्ण नदेखिएकोले उक्त रकम रु ३५८०५०।०० नियमित हुनुपर्ने रु

८० **गैर सरकारी संस्था हेफर मार्फत कार्य गराएको** १,१२३,४७५

<u>गाउँपालिका कृषि पूँजिगततर्फ</u>

<u>परामर्श सेवा(हेफर ईन्टरनेशनल नेपाल)</u>

गैह्रसरकारी संस्था मार्फत कार्य पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्नयस बैजनाथ गाउँ पालिकाले मिति २०७८।३।१६ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७६।९।२९ मा रु १ करोड ७८ लाखको दुइ वर्षको सम्झौता गरेको र पुन यस वर्ष मिति २०८०।३।१६ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।३।७ मा रु ३ करोड ७० लाखको दुइ वर्षकोसम्झौता गरी यो बर्ष रु १ करोड ४४ लाख ७१ हजार समेत देहाय अनुसार हाल सम्म रु२५८९८१०७।०० भुक्तानी गरेको छ।सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

आर्थिक वर्ष	पालिकाको बजेट	कुल सम्झौता रकम	पालिकाले व्यहोर्ने रकम	हेफरले व्यहोर्ने रकम	पालिकाले भुक्तानि गरेको	कैफियत
२०७६।७७	५५०००००	७३३३३३५	५५०००००	१८३३३३५	४१४१०८६	
२०७७।७८	७६७००००	१०४६४९१५	७८४८२५०	२६१६६६५	७२८५५६७	बजेट भन्दा रु १७८२५० बढि सम्झौता गरेको
२०७८।७९	१५००००००	२३८३०४२५	१८२३८६२५	५५९१८००	१४४७१४५४	बजेट भन्दा रु ३२३८६२५ बढि सम्झौता गरेको
जम्मा	२८१७००००	४१६२८६७५	३१५८६८७५	१००४१८००	२५८९८१०७	

(१) कानुनी व्यवस्थाः सार्वजनिकखरिदनियमावली, 2064 को नियम 99 (8) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम 70 बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम 70 मा 20 लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन 2063 को दफा 30 बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया 3 देखि 6 आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक खरिद ऐन २०६३ को दफा 31 मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग 30 दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको 20 प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ।

(२) **लेखापरीक्षण** सम्झौता अनुसार कुल कार्यसम्पन्नको 25 प्रतिशत सम्बन्धित परामर्शदाताले र 75 प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा 100 प्रतिशत श्रेस्ता पेश गर्नुपर्नेमा 75 प्रतिशतको मात्र श्रेस्ता पेश गरेको र 25 प्रतिशतले हुने यस वर्षको रु ५५९१८००|०० समेत हाल सम्मको कुल रु १००४१८००|०० को श्रेस्ता पेश नभएको अवस्थामा पनि भुक्तानी दिएको लेखापरीक्षण गराएको छैन।

(३) पालिका र हेफर नेपाल बीच भएको सम्झौताको बुदा न ७.२.९ अनुसारदोस्रो पक्षले सम्झौता बमोजिमको कार्य स्थानीय साझेदार संस्था मार्फत गराउन सक्ने व्यवस्था रहेकोमा स्थानिय साझेदार मार्फत कति प्रतिशत काम गराउने उल्लेख नभएकोमा स्थानीय साझेदार उत्पीडित सामुदायिक विकास केन्द्र मार्फत सम्झौताकोशत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो।

(४) **विल बिजक** हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट यस वर्ष भुक्तानी भएको रु १ करोड ४४ लाख ७१ हजार समेत हालसम्म कुल रु २ करोड ५८ लाख ९८ हजारमा कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र 7० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ।

(५) परियोजना संचालन गर्दा भविश्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागी कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको विमा गराउनु पर्नेमा पालिका र संस्थाबिच भएको सम्झौतामा बिमा सम्बन्धि व्यवस्था गररेको पाईएन।

(६) सम्झौताको बुदा न ९ अनुसार संचालित कार्यक्रमको पालिकावाट चौमासिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको छैन।

(७) **सम्झौतामा व्यवस्था नभएकोमा सवारी साधन खरिद** पालिका र हेफर नेपालबिच मिति २०७८|३|७ मा दुइ वर्षको लागि सम्झौता भएकोमायस वर्षको लागि रु २ करोड ३८ लाख ३० हजार मध्ये पालिकाले व्यहोर्ने रु १ करोड ८२ लाख ३९ हजारमा सवारी साधन खरिद गर्ने सम्झौता तथा कार्यक्रम नरहेकोमा बोलेरो गाडि रु २२२२५००|०० मा खरिद गरि ५० प्रतिशत हेफर नेपाल र बाँकि ५० प्रतिशतले हुने रकम सम्झौता अनुसार खर्च नभएर बचत रकमबाट रु ११२३४७५|०० पालिकाबाट भुक्तानि भएको देखिन्छ। खरिद गरिएको सावरी साधन बैजनाथ सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड बैजनाथ वडा नं ४ बाँकेको नाममा दर्ता भएको पाइयो। यसरी सम्झौतामा नभएकोमा कार्यक्रम संचालनबाट बचत रकमबाट सवारी साधन खरिद गर्न नमिल्ने हुँदा भुक्तानि भएको रकम रु ११२३४७५|०० सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु.................

८१

बिद्यालय भवन निर्माणको कार्यसम्पन्न पेश नभएको

१७,२५०,८९३

संघिय पूँजिगततर्फ

बिद्यालय भवन निर्माणको कार्यसम्मपन्न पेश नभएको बैजनाथ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वन निर्देशिका २०७८ मा गाउँपालिकामा पूर्वाधार सम्पन्न नमूना बिद्यालय स्थापना गर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष देहायमा उल्लेख गरिएका बिभिन्न बिद्यालयहरुलाइ ४ कोठे, एक बिद्यालयलाइ २ कोठे र एक बिद्यालयलाइ नमूना बिद्यालय बनाउन पूर्वाधार र प्राबिधिक धारको ल्याव स्थापना गर्नको लागि ६ बिद्यालयहरुमध्ये पाँच बिद्यालयहरुलाइ पेश्कि कायम गरि र प्रभात मा बि बैजनाथ वडा नं ५ लाइ पेश्कि कायम नगरि बजेट निकासा दिएकोमा निर्माण काम सम्पन्न गरि प्राबिधिक मूल्यांकन पेश नगरेकोले लागत अनुमान तथा सम्झौता अनुसार पूर्वाधार निर्माण गरि कार्यसम्पन्न प्रतिबेदन पेश हुनुपर्ने रु

गो भौ नं र मिति	निकासा रकम	प्राबिधिक मूल्यांकन मध्ये पालिकाले व्यहोरेको रकम	कार्यसम्पन्न पेश हुन बाँकि रकम	कार्यक्रमको नाम र काम	बिद्यालयको नाम र ठेगाना

४७।०७९।३।२३	३६०००००	१२३४००१	२३६५९९९	४ कोठे भवन	जनता आदर्श मा बि बैजनाथ वडा नं २
४९।०७९।३।२४	३६०००००	१६८३३४४	१९१६६५६	४ कोठे भवन	सरस्वति मा बि बैजनाथ वडा नं ३
४६।०७९।३।२३	३६०००००	११०००००	२५०००००	४ कोठे भवन	ने रा मा बि बैजनाथ वडा नं ५
४०।०७९।३।२२	१८०००००	१५१३८२५	२८६१७५	२ कोठे भवन	सम्झना आ बि बैजनाथ वडा नं ६
४८।०७९।३।२३	३६०००००	३३७६९७७	२२३०२३	४ कोठे भवन	ने रा मा बि बैजनाथ वडा नं ४
४२।०७९।३।२२	९९५९०४०	०	९९५९०४०	भवन र ल्याब	प्रभात मा बि बैजनाथ वडा नं ५
जम्मा			१७२५०८९३		

८२ **भुक्तानि बाँकीको प्रमाणित बिबरण बिना भुक्तानि** ६३,०००

भुक्तानि बाँकिको स्विकृत बिबरण बिना भुक्तानि बैजनाथ गाउँपालिकाले गत आर्थिक वर्ष २०७७।७८ मा ध्रुब कृषि प्रा लि सर्लाहिबाट ५० प्रतिशत अनुदानमा कृषकहरुलाइ बितरण गर्न च्याउको बिउ खरिद गरेकोमा भुक्तानि बाँकि रकम रु ६३०००।०० स्विकृत भुक्तानि बाँकिको बिबरण बिना र गाउँसभाबाट भुक्तानि बाँकि दायित्वमा बजेट बिनियोजन नगरेको अवस्थामा गत वर्ष च्याउको बिउ बितरण गरि सम्बन्धित कृषकहरुले पाए नपाएको अनुगमन तथा निरीक्षण प्रतिबेदन साथ नियमित गर्नुपर्ने रु

८३ **बिद्यालयहरुको योगदान कम कट्टा भएको** ४१९,२७५

बिद्यालयहरुबाट योगदान कम कट्टा भएको— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य बिद्यालय मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर बिभिन्न बिद्यालयहरुलाइ ४ कोठे र एक बिद्यालयलाइ २ कोठे भवन निर्माण कार्यको प्राबिधिक मूल्यांकन अनुसार रनिङ्ग बिल भुक्तानि गर्दा पालिकाले अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा देहाय अनुसारका बिद्यालयहरुबाट कम कट्टा गरेकोले रकम रु ४१९२७५।०० असूल हुनुपर्ने रु.

गो भौ नं र मिति	भुक्तानि रकम	लागत अनुमान	लागत अनुमानमा बिद्यालयले व्यहोर्ने प्रतिशत	प्राबिधिक मूल्यांकन रकम	लागत अनुमान र सम्झौता अनुसार बिद्यालयलाइ बढि भुक्तानि	बिद्यालयको नाम र ठेगाना
४७।०७९।३।२३	१२३४००१	४१६९१५१	१३.६५	१३७१११२	५००४५	जनता आदर्श मा बि बैजनाथ वडा नं २
४९।०७९।३।२४	१६८३३४४	४३३१९०९	१६.९	१८७०३८३	१२९०५५	सरस्वति मा बि बैजनाथ वडा नं ३
४६।०७९।३।२३	११०००००	४१८९६८४	१४	१२२४९३१	४६५५९	ने रा मा बि बैजनाथ वडा नं ५

४०।०७९।३।२२	१५१३८२५	२०३८४८३	११.७	१५९३५००	१०६७६४	सम्झना आ बि बैजनाथ वडा नं ६
४८।०७९।३।२३	३३७६९७७	४१६९१५१	१३.६५	३८१०२२०	८६८५२	ने रा मा बि बैजनाथ वडा नं ४
जम्मा					४१९२७५	

८४

सुरक्षित नागरिक आवासको कार्यसम्पन्न नभएको

५,३८०,०००

सुरक्षित नागरिक आवासको कार्यसम्पन्न नभएको— सुरक्षित नागरिक आवास कार्यान्वन कार्यबिधि २०७५ मा सुरक्षित नागरिक आवासको अनुदान प्राप्त गर्ने नागरिकहरुलाइ बिभिन्न २ किस्तामा अनुदान उपलब्धा गराइने र लाभग्राहि नागरिकहरुले तोकिएको समयमा निर्माण काम सम्पन्न गरि पालिकाको प्राबिधिकबाट प्राबिधिक मूल्यांकनको साथै यसै कार्यबिधिको अनुसूची ३ बमोजिमको प्राबिधिक प्रतिबेदन समेत पेश गरिसकेपछि पालिकाले अन्तिम किस्ता भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट प्राप्त बिबरण अनुसार वडा नं १ देखि ८ सम्म आवास निर्माण गर्नको लागि आ ब २०७६।७७ मा १७० जना छनौट भएकोमा सो वर्ष बजेट नभएको कारण अनुदान नदिइएको**,** आ ब २०७७।७८ मा १६२ जनालाइ प्रथम किस्तामध्ये आंशिक रकम रु २११८३१२।०० अनुदान दिएको र आ ब २०७८।७९ मा प्रथम किस्ताको नपुग रकम रु २७४१६८८।०० अनुदान दिइ प्रथम किस्ता वापत जम्मा रु ४८६००००।०० अनुदान दिएको पाइयो। यसरी छनौट भएको मध्ये ८ जना नागरिकसँग सम्झौता भएको पाइएन। तसर्थ देहायमा उल्लेख गरिए अनुसार यस वर्ष २६ जनाले निर्माण काम सम्पन्न गरि रु ५२००००।०० भुक्तानि दिएकोमा प्रथम किस्ता अनुदान लिएका १३६ जनालाइ रु ४०८००००।०० को निर्माण काम सम्पन्न नगरेकोले निजहरुलाइ बाँकि रकम दिइ निर्माण काम सम्पन्न गराउनु पर्दछ। यस वर्ष २६ जनाले निर्माण काम सम्पन्न गरि अन्तिम किस्ता रु ५२००००।०० समेत कुल रु १३०००००।०० अनुदान भुक्तानि दिएकोमा अनुसूचि ३ बमोजिमको पालिकाबाट निरिक्षण गरि प्राबिधिक प्रतिबेदन तयार गरेको छैन। यसरि प्रथम किस्ता अनुदान लिएका १३६ जनालाइ दिएको रु ४०८००००।०० र २६ जनालाइ निर्माण काम सम्पन्न गरि रु १३०००००।०० अनुदान दिएकोले कुल रु ५३८००००।०० को प्राबिधिक मूल्यांकन सहित अनुसूचि ३ बमोजिमको प्राबिधिक प्रतिबेदन पेश हुनुपर्ने रु**.......**

वडा नं	छनोट संख्या	०७७/७८ मा वितरण संख्या (प्रथम किस्ता)	दर	रकम	०७८/७९ मा वितरण संख्या (प्रथम किस्ता बाँकि)	दर	रकम	०७८/७९ मा वितरण संख्या (कार्य सम्पन्न)	दर	रकम	सम्पन्न नभएका संख्या	छनौट नभएका लाभग्राहि
१	४१	४०	१३०७६	५२३०४०	४०	१६९२४	६७६९६०	५	२००००	१०००००	३५	१
२	२५	२२	१३०७६	२८७६७२	२२	१६९२४	३७२३२८	७	२००००	१४००००	१५	३
३	११	८	१३०७६	१०४६०८	८	१६९२४	१३५३९२	०	२००००	०	८	३
४	१७	१७	१३०७६	२२२२९२	१७	१६९२४	२८७७०८	०	२००००	०	१७	०
५	१५	१५	१३०७६	१९६१४०	१५	१६९२४	२५३८६०	१	२००००	२००००	१४	०
६	१५	१५	१३०७६	१९६१४०	१५	१६९२४	२५३८६०	६	२००००	१२००००	९	०
७	९	९	१३०७६	११७६८४	९	१६९२४	१५२३१६	७	२००००	१४००००	२	०

८	३७	३६	१३०७६	४७०७३६	३६	१६९२४	६०९२६४	०	२००००	०	३६	१
जम्मा	१७०	१६२	-	२११८३१२	१६२	-	२७४१६८८	२६	-	५२००००	१३६	८

८५ **झोलुङ्ग् पुल निर्माण उपभोक्ता समितिलाइ कन्टिजेन्सी बढि भुक्तानि** ७९,७३१

झोलुङ्गे पुल उपभोक्ता समितिलाइ कन्टिजेन्सी वढि भुक्तान भएको— पालिकाको वडा नं १ को च्यामा झोलुङ्गे पुला निर्माण गर्न सिभिल कामको कन्टिजेन्सी रु ३९८६५८।०० र उपभोक्ता योगदान रु १९४९०५।०० समेत रु ५८८५१५५।०० को लागत अनुमान तयार गरि उपभोक्ताबाट काम गराएकोमा कन्टिजेन्सी रकम रु ३९८६५८।०० को ४० प्रतिशत रु १५९४६३।०० मात्र उपभोक्ता समितिलाइ दिनुपर्ने लागत अनुमान तथा सम्झौता भएकोमा ६० प्रतिशतले हुने रु २३९१९४।०० भुक्तानि भएकोले उपभोक्तालाइ बढि भुक्तानि भएको रु ७९७३१।०० असुल हुनुपर्ने रु**....................**

८६ **आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजु**

८६.१ आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमानिर्धारण समितिले पालिकामा प्राप्तहुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४५७७८०६०५	३१७२६८९१	६.९३

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्च को तुलनामा आन्तरिक आयको हिस्सा ६. ९३ प्रतिशत मात्र रहेकोछ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

८६.२ गत बर्षको दायित्व -आर्थिक कार्यविधि नियमावली, २०६४को नियम४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखानियन्त्रक कार्यालयबाट श्रावण१५गते भित्र भुक्तानी बाँकी को बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ ।स्थानीय तहले २०७८।७९ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरु लाई रु २,६२,१०३.४०विनियोजन गरी भुक्तानी दिन बाँकी रहेको बिवरण राखीका र्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष(२०७८।७९)को बजेटमा गत बर्षको भुक्तानीको लागिबजेट व्यबस्थान गरेको अबस्थामा समेत उक्त रकम भुक्तानी नभएको पाइयो।बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहु बर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ।

८६.३ संविधान कार्यान्वयनः नेपालको संविधान २०७२ को अनुसूची ८ र९मा व्यावस्था भएका एकल अधिकार तथा साझाअधिकार कार्यान्वयनमा अध्यान गर्दा आ व २०७८।७९ को अन्त सम्म अन्य विषयमा गाँउपालिका प्रवेश गरी ऐन नियम र कार्यविधि निर्माण तथा निर्माणको सुरुवात गरेता पनि निम्न विषयमा गाँउपालिकाले उल्लेखनिय प्रगति गरेको देखिएन।संविधानले प्रदान गरेका अधिकार र कार्यक्षेत्रमा आफ्नो काम र कर्तव्यलाई व्यावस्थित गरी कार्यानुवयनमा आउन आवश्यक कानुन बनाई समृद्ध नेपाल निर्माणमा गाँउपालिका अझै सक्रिय हुनुपर्ने देखियो। पालिकाले अहिलेसम्म प्रवेश नगरेका विषयहरु देहाय बमोजिमको रहेको पाईन्छः

सि.न.	विषय	कैफियत
१	नगर प्रहरीको व्यवस्था	नभएको

२	स्थानिय अभिलेख व्यवस्थापन	सुचारु
३	एफ एम सञ्चालन	भएको
४	स्थानिय तथ्यांक र अभिलेख संकलन	पुर्ण लागु नभएको
५	घर जग्गा धनी पूर्जा वितरण	नभएको
६	खानी तथा खनिज	नभएको
७	पुरातत्व, प्राचिन स्मारक र संग्रहालय	नभएको
८	सुकुम्बासी व्यवस्थापन	कार्यान्वयन रहेको

८६.४

कर तथा शुल्क असुली - स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२०००००००	२०२४८१४१	१०१
घरजग्गा वहाल कर	१०००००	३११०३६	३११
व्यवसाय कर	५३००००	९११०५०	१७२
वहाल विरौटी शुल्क	३५०००००	१९२७९८	६

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

८६.५

प्रधानमन्त्री रोजगार कार्यक्रम- स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम समुदायिक पूर्वाधारहरु को विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।प्रधान मन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगार को तथ्याङ्क अद्यावधिक गरेर , सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्य क्रम मा संलग्न गराई रोजगारी दिनु पर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगार को तथ्याङ्क अद्यावधिक गरेको छ ।बेरोजगार को सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छ।कामकालागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरु को पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सीदाखिला भएको, तर अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन्।साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका ८ वटै वडाहरु मा सडक नाला, मोटर बाटो,, लगायतका कार्यक्रम सञ्चालनख गरी यस वर्ष. २६१ जनालाई रोजगारी उपलब्ध गराई रु १२७३८७१७.५० छ। लक्षित वर्गलाई न्युनतम २५ देखि १०० दिन सम्म रोजगा री उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्चसमेत खर्चले खेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारीसृ जना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।रोजगारमा समाबेस भएका श्रमिकको बैक खातामा पैसा भुक्तानी नगरी हातहातमा पैसा वितरण गरि भर्पाई पेस गरेकाले बैक मार्फत रकम भुक्तानी गर्नु पर्ने देखिन्छ।

८६.

पेश्की बाकीः-आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ। निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको ३,४९८,२२२

६

अन्त्य सम्मपनि फछ्यौंट नभई २,२७,२४,४६७ पेश्की रहेको देखियो । जसमा म्याद नाघेको पेश्की रु रहेको देखिन्छ । यसरी पेश्की म्याद भित्र फछ्यौट नगरेको रु

पेश्की	म्याद ननाघेको	म्याद नाघेको	जम्मा
कर्मचारी	०	१०८८८५०	१०८८८५०
ठेकेदार	४८३१०००	०	४८३१०००
संस्थागत	५९६२५९०	२३०९३७२	८२७१९६२
उपभोक्ता समिती	०	१०००००	१०००००
व्याक्तिगत	०	०	०
जम्मा	१०८९३५९०	३४९८२२२	२२७२४४६७

८६.७

कार्यक्रम संचालनः- कार्यालयले प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ संचालित कार्यक्रम र खर्चको विवरण देहायबमोजिमको खर्च गरेको विवरण कार्यलयले उपलब्ध गराएको देखिन्छः

वडा नं	कार्यक्रम/ योजना संचालन (संख्या)	कुल खर्च	ज्याला खर्च
१	२	१४५५७७१	१४५५७७१
२	५	१५८६४६२	१५८६४६२
३	३	२१५२७८७	२१५२७८७
४	४	८५९१५३	८५९१५३
५	२	१२०१८९१	१२०१८९१
६	८	२३३९७३५	२३३९७३५
७	१	१३१२९६४	१३१२९६४
८	१	१८२९९५६	१८२९९५६
जम्मा	२६	१२७३८७१८	१२७३८७१८

८६.८

शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः

सि.नं.	विद्यालय	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये	विद्यार्थी

		स्वीकृत	राहत	स्वीकृत	राहत	करार	संख्या
१	प्रा वि	१०१	६९	९४	६९	७	
२	नि मा वि	२१	२६	२१	२६	०	
३	मा वि	१८	८	१८	८	०	
४	उ मा वि	५	०	५	०	०	
जम्मा		१४५	१०३	१३८	१०३	७	१२५९३

विधालयमा शिक्षकको दरवन्दी अनुसारको पदपूर्ति गरी विधालयको पठन पाठनलाई सुचाई तथा नियमित बनाउनु पर्दछ ।

८६.९			अनुगमन भत्ताः गाउँपालिकाका पदाधिकारी र कर्मचारीले भ्रमण खर्च निमावली २०६४को १०अनुसार दैनिक भत्ता तथा भर्मण खर्च भुक्तानी सम्बन्धी ब्यवस्था अनुसार एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालय बाट अर्को कार्यालय २० कि मी भन्दा बढी दुरीको कार्यालयमा सरुवा बढुवा वा कायम मुकायकम भईजाने पदाधिकारी र कर्मचारीले दैनिक भर्मण भत्ता पाउने व्यवस्था छ ।तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्च बाहेक गाउँपालिकाको क्षेत्र भित्रका तालिम तथा योजनाहरुको अनुगमन गर्दा भत्ता सबिधा पाउने कुनै ब्यावस्था छैन ।गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष तथा कर्मचारीलाई योजना र वडा कार्यालय अनुगमन भनि भत्ता भुक्तानी गरेको देखिदैन ।	
८६.१०	४४७	२०७९-२-११	उपभोक्ता सचेताना कार्यकक्रम अनर्तगत त्रिमुर्ति डिपजिटल हव प्रा लि लाई रु २१२९६५ भुक्तानी भएको र ढुवानी तथा ज्याला वापातको रकम एकिन नभएको कुन प्रयजनको लागी हो आवश्यक प्रतिवेदन पेश गर्नु पर्ने साथै खरिद आदेश तथा दाखिला प्रतिवेदन पेश गर्नु पर्ने रु	२१२,९६५
८६.११	४४	२०७९-३-३	प्रविधि संग प्र अ कार्यक्रम अन्तरगत डेल ल्यापटप र ल्यापटप व्याग खरिदमा कुनै पनि खरिद आदेश माग फाराम र दाखिला समेत नराखि रु ४०९८३३ को ल्यापटप खरिद गरेकोले कार्यालयले आवश्यक प्रमाण सहितको लेखा राख्नु पर्दछ ।	
८६.१२	२४	२०७९-१-९	खेलकूद विकाश तथा प्रबर्दन कार्यक्रम संचालन अन्तर्गत खेलकुद विकास समिसतिको संयोजक श्री दिल बहादुर विश्वकर्माले पालिका स्तरिय महिला भलिवल प्रतियोगिता र फुटबल प्रतियोगितामा खेलाडी बाटलिएको ईन्ट्रि फि समेत जम्मा नगरेको ले निज बाट रकम रु ३६००० बैजनाथ गा पा को आन्तरिक राजश्व खाताम जम्मा गर्नु पर्ने रु	३६,०००
८६.१३	७८	२०७८-६-२४	अनुगमन तथा मुल्याङ्कन खर्च रकम बापत निबेदक श्री लक्ष्मण बहादुर शाहिको नाममा कोभिड १९ को अनुगमन भनि रु ५७००० भुक्तानी रहेको र अनुगमनमा १२ दिन अनुगमनमा गएको कुनै पनि कागजात पेश नरहकेकाले आवश्यक कागजानत पेश गर्नु पर्ने रु	५७,०००
८६.१४	४	२०७८-७-	खेलकूद विकाश तथा प्रबर्दन कार्यक्रम संचालन अन्तर्गत खेलकुद विकास समिसतिको संयोजक श्री दिल बहादुर विश्वकर्माले पालिका स्तरिय महिला भलिवल प्रतियोगिता कार्यक्रमा वितरण गरिएका विभिन्न खेलकुद समाग्रिको खरिद आदेश माग फाराम दाखिला तथा हस्तान्ण फारम विना नै रु ९४३८५० भुक्तानी लिएकाले सो रकम सँग सम्बन्धित आवश्यक कागजात उपब्ध नभएकोले त्यस सँग सम्बन्धित प्रमाण पेश हुनुपर्ने रु	९४३,८५०

		२८		
८६.१५	२९	२०७८-८-५	लुम्विनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यायिता सम्बन्धि निर्देशिका २०७५ को परिच्छेद २ बुदान १ क अनुसार स्पस्ट विषय बस्तु कार्य योजना बेगर कार्यालय समयमा एकै निकायका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठमा बैठक भत्ता उपलब्द गराउन सकिन ब्यावस्था छैन ।साथै उक्त ब्यावस्थाले अनुगमन भत्ताको समेत व्यावस्था गरेको छैन ।साथै लुम्विनी प्रदेशका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि माप दण्ड समेत अनु सुचि भन्दा बेगरको सुविधा दिन नमिल्ने ब्यावस्था छ ।तर श्रस्ता परिक्षण गर्दा चिसापानी र नौवस्ता स्वा चौमा सुरक्षित गर्भतनको सुचिकरण प्रक्रियाका लागी पदाधिकारी र कर्मचारीले अनुगमन मुल्याङ्कन गरे वापत रु १३६०० पदाधिकारी तथा कर्मचारीले लिएको अनुगमन भत्ता लिएको सम्बन्धितबाट असुल हुनुपर्ने रु	१३,६००
८६.१६	२७	२०७९-३-२४	आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व निमावली २०७७को नियम ३९ उपनियम ५ मा विल भर्पाई सहितको श्रस्ता राख्नु पर्ने कानुनी ब्यावस्था छ तर बैजनाथ गाउँलिकाको कृषि चालु बजेट अन्तरगत पोष्ट हार्भेष्ट क्षति नियन्त्रणका लागी कृषि शाखा प्रमुख श्री प्रमोद विश्वकर्माले वाकस खरिद गर्दा माग फाराम खरिदल आदेश तथा दाखिला वितरणको भर्पाई समेत पेश नगरी एपोलो बाकस उद्धोगलाई रु७२५९९ रकम भुतानी गरेको साथै उक्त कार्यक्रमको अनुगमन भनि रु ५०१९९ भुक्तानी भएको र अनुगमन कर्तालाई भर्पाई नगराएकाले आवश्यक कागजात प्राप्त नभएकोले प्रमाण पेश गर्नुपर्ने रु	१२२,७९८
८६.१७	३१	२०७८-८-८	मातृ तथा नवजात शिशुकार्यक्रम अन्तर्गत पी एन सि होम भिजिट कार्यक्रमको नम्स भन्दा बढी भुक्तानी भएकाले देहाय बमोजिमको रु ५७८० कर्मचारीबाट असुल हुनुपर्ने रु	५,७८०

कार्यक्रमको नाम	नाम थर	भुक्तानी रकम करवाहेक	भुक्तानी हुनु पर्ने	बढी भुक्तानी
पि एन सि होमभिजिट	लक्ष्मण राज शाही	११९०	८५०	३४०
	लक्ष्मी रोकाया	११९०	८५०	३४०
	विष्णु श्रेष्ठ	११९०	८५०	३४०
सरुवा रोग नियन्त्रण	लक्ष्मण राज शाही	११९०	८५०	३४०
गो भौ न ७६ मिति२०७८।१०।१८	खड्ग बहादुर सिहं	११९०	८५०	३४०
स्वा कर्मिको क्षमता विकास तालिम	लक्ष्मण राज शाही	११९०	८५०	३४०
	लक्ष्मी रोकाया	११९०	८५०	३४०
औलो तथा कालाजार महामारी नियन्त्रण कार्यक्रम	लक्ष्मण राज शाही	२३८०	१७००	६८०
	लक्ष्मी रोकाया	२३८०	१७००	६८०
C B im nci	लक्ष्मण राज शाही	११९०	८५०	३४०
	लक्ष्मी रोकाया	११९०	८५०	३४०
मातृ शिशु कार्यक्रम१७४	लक्ष्मण राज शाही	२३८०	१७००	६८०
	लक्ष्मी रोकाया	२३८०	१७००	६८०
जम्मा		२०२३०	१४४५०	५७८०

<table>
<tr><td>८६.१८</td><td>२५३</td><td>२०७९-३-२२</td><td>अपाङ्ग शशक्तीकरण एवम संचार केन्द्र बाँकेले अनुगमन तथा मुल्याकन बापतको रु ४५००० भुक्तानी लिएको र रकम बुझाएको कुनै पनि प्रमाण समावेश नभएकाले रकम बुझाएको प्रमाण पेश गर्नु पर्ने अथवा र अशुल गर्नु पर्ने रु</td><td>४५,०००</td></tr>
<tr><td>८६.१९</td><td>२३</td><td>२०७९-३-२१</td><td>आ ई पि एम कृषक पाठशाला संचालन अन्तरत कार्यक्रम संयोजक भत्ता बापत रु २०४००र विशेष कक्षा भनि रु ५१०० भुक्तानी लिइएकाले एउटै मितिमा दोहोरो भत्ता खाएकाले कृषि शाखा प्रमुख श्री प्रमोद विश्वकर्माबाट रकम रु ५१०० असुल गर्नुपर्ने रु</td><td>५,१००</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>
सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष विधालयहरुको लागि पटक पटक खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु २०३०१५८ को सोझै खरिद गरेको नियमसंगत नदेखिएको रु

<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>साम्रगी खरिद</td><td>सप्लायर्सको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>३५-०७९/१/१६</td><td>ल्याप्टप खरिद १२ वटा</td><td>पि.पि.एन कम्प्युटर्स</td><td>९३६९९६</td></tr>
<tr><td>५-०७९/१/२१</td><td>ल्याप्टप खरिद ९ वटा</td><td>मेरिडियन कम्प्यूटर</td><td>७०२७४७</td></tr>
<tr><td>४४-०७९/३/३</td><td>ल्याप्टप खरिद ५ वटा</td><td>एफिक्स कम्प्यूटर स्टोर प्रा.लि.</td><td>३९०४१५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२०३०१५८</td></tr>
</table>

साथै, विधालयहरुको लागि खरिद गरेको ल्यापटप सम्बन्धित विधालयलाई कार्यालयले हस्तान्तरण गरेको प्रमाण र विधालयहरुले बुझेको भरपाई सहित विधालयको जिन्सी खातामा दाखिला गरेको समेत प्रमाण पेश हुनुपर्दछ।
</td><td>२,०३०,१५८</td></tr>
<tr><td>८८</td><td></td><td></td><td>
अनुगमन र समपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । (रु हजारमा)

<table>
<tr><td>गत वर्षसम्मको बेरुजू</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू</td><td>गत बर्षसम्मको बाँकी बेरुजू</td></tr>
</table>
</td><td></td></tr>
</table>

(A)	(B)	(C=A-B)
११५०८८४७४	३४६३२९४२	८०४५५५३२

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फर्छ्यौटको आधार				सम्परीक्षण
			असुली	प्रमाण	नियमित	पेश्की	
२०७४/७५	६५	बिल भर्पाई भन्दा बढी भुक्तानी अध्यक्ष श्री मान बहादुर रुचाल ठकुरी रु ५००००	५००००				५००००
	२९	जरिवाना वापत थप व्यभार ः			१९९१४		१९९१४
	३३	विना प्रतिस्पर्धा खरिदः			५६३८६३८		५६३८६३८
	३४	गैर सरकारी संस्थालाई अनुदान ः			४००००००		४००००००
	४२	४७८, २०७५÷०३÷२३, कुखुराको चल्ला वितरण ः			२८५०००		२८५०००
	४७	२७२, २०७५÷०२÷१७, नयाँ घरमा वायरिङ भुक्तानी ः			२७५४०		२७५४०
	५०	६२८, २०७५÷०३÷३२, विद्युत ट्रान्सफरमर खरिद			१५०००००		१५०००००
२०७५/७६	४२	दैनिक भ्रमण भत्ता बढी भुक्तानी अधिकृत छैटौं तम्रराज आचार्य	११००००				११००००
	२३	टुक्रा टुक्रा पारी खरिद कार्य गरेको			२८२९२१५		२८२९२१५
	२४	प्रतिस्पर्धा वेगर निर्णय गरी कार्य गराएको ः			३७१७२३.७		३७१७२३.७
	२५	२५।१ मर्मत सम्भार कोषबाट विभिन्न वडामा वाटो मर्मत, माटो पटान लगायतका कार्य वापत वडा अध्यक्षहरुलाई रु. ५४५६३५।०० भुक्तानी गरेको			५४५६३५		५४५६३५
		२५।२ कार्यालय हाताभित्रको आगनमा माटो कटान र सिमेन्ट व्लक विछयाउने कार्य			३०००००		३०००००

		२५।३ ा वडा अध्यक्षहरुले पालिकाबाट प्रशासनिक, विकास निर्माण लगायतका खर्चहरुको भुक्तानी लिएका			४६७१२६		४६७१२६
	२७	वितरणमुखी कार्यक्रम ः			२७०७००		२७०७००
	३०	वनकट्वा दुग्ध सहकारी संस्था लि. र कार्यालय वीच दुग्ध प्रशोधन केन्द्र निर्माण गर्न र सामाग्री खरिद गर्न रु. १५०००००।०० वजेट व्यवस्था गरेको			१५०००००		१५०००००
	३३	पुष्पलाल स्मृति वाटिकामा भ्यू टावर निर्माण			२१०४६८६		२१०४६८६
	३७	पदाधकिारी सेवा सुविधाःप्रेस सल्लाहकार र कानुनी सल्लाहकारलाइ तलब भत्ता भुक्तानी			२८८०००		२८८०००
	३८	हेल्प डेस्क संचालनः			१९५९६००		१९५९६००
	४८	.२०४।०७६।३।३१ विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन			४५००००		४५००००
	५०	हेजार्ड भत्ताः			२९३७५		२९३७५
	५२.१	ा विद्युत प्राधिकरणलाई रु १ लाख ५० हजार भुक्तानी गरेकोमा जरीवाना रु १०८३०.५० भुक्तानी भएका			१०८३०.५		१०८३०.५
	५२.६	चुलीमालीका कृषि सहकारी संस्था दुग्ध प्रशोधन केन्द्र संचालन			७२००००		७२००००
	५२.८	सोझै खरिदः			७१०००१		७१०००१
२०७६/७७	१७	कर्मचारी करारः तलब भत्ता भुक्तानी			५९२४७५०		५९२४७५०
	६५	वडा नं। ५ मा विद्युत लाइन विस्तार			४२८२३०		४२८२३०
	६७	हेल्प डेस्क सञ्चालनः			१९९८०००		१९९८०००
	७७	अपाङ्गता शशक्तिकरण एवम सञ्चार केन्द्र बाँके			२४००००		२४००००
२०७७/७८	१४.१	पेश्की					
		१४।१।१श्री ईवरी मा बि				७६१५९५	७६१५९५

		१४|१|२श्री सिंह भवानी आ वि बैजनाथ ५				६६७३८३	६६७३८३
		१४|१|४ बागेवरी असल शासन क्लव वास				७५०००	७५०००
		१४|१|७ जनक बहादरु रावत				५००००	५००००
		१४|१|८ लाल बहादरुबोहरा				३०००००	३०००००
		जम्मा	१६००००	०	३२६१८९६४	१८५३९७८	३४६३२९४२